का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ चैत २०७९,
आइतबार
9 April 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ७४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




# टिआरसीमा मध्यमार्गी प्रस्ताव



*सभामुखको कार्यालय सिंहदरवारमा शनिबार भेट गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । **तस्विर : प्रदीपराज वन्त/रासस***

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २५ चैत ।

ठूला तीन राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र सङ्क्रमणकालीन न्याय निरूपण (टिआरसी) सम्बन्धी विधेयक अगाडि बढाउन तयार भएका छन् । तर, अगाडि बढाउने प्रक्रियाका विषयमा भने दलहरुका बीचमा कुरा मिल्न सकिरहेको छैन् ।

यही बेला सभामुख देवराज घिमिरेको पहलमा सिंहदरबारस्थित उनकै कार्यकक्षमा प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच औपचारिक छलफल भएको छ । छलफलमा ठोस सहमति जुट्न नसकेपनि टिआरसीमा मध्यमार्गी प्रस्ताव प्रस्तुत भएको छ ।

सदनबाटै पारित गर्ने कि संसदीय समितिमा छलफल चलाएर अगाडि बढाउने भन्नेमा विवाद रहेका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विशेष समिति बनाएर अगाडि बढाउने मध्यमार्गी प्रस्ताव प्रस्तुत गरेका हुन् ।

सुरुमा टिआरसी सम्बन्धी विधेयकलाई द्रुतमार्ग (फास्ट ट्याक) बाट पारित गर्ने विषयमा सत्तारुढ दल कांग्रेस र माओवादीले प्रस्ताव राखे । उक्त प्रस्तावलाई प्रमुख प्रतिपक्ष दल एमालेका अध्यक्ष ओलीले अस्वीकार गरे ।

प्रमुख विपक्षी दलका नेता ओलीले टिआरसीलाई पहिले संसदीय समितिमा लैजानुपर्ने अडान राखेका छन् । उनले बैठकपछि पत्रकारसँग भनेका छन्, 'सदनका काम कारबाहीलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा नै छलफल भयो, यो प्रारम्भिक छलफल हो, छलफल सकारात्मक छ, टिआरसीको विषयलाई समितिमार्फत लैजानुपर्ला ।'

> **फास्ट ट्र्याकबाटै पारित गर्ने कि संसदीय समितिमा छलफल चलाएर अगाडि बढाउने भन्नेमा विवाद रहेका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विशेष समिति बनाएर अगाडि बढाउने मध्यमार्गी प्रस्ताव प्रस्तुत गरेका हुन् ।**

प्रधानमन्त्री प्रचण्डले द्रुतमार्गबाट पारित गर्ने प्रस्तावमा एमालेले नमानेपछि विज्ञको सहायतामा बीचको बाटो खोज्ने प्रयास भइरहेको जानकारी दिए । प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'यो टिआरसीसम्बन्धी वियेयक, संवैधानिक परिषद् र सम्पत्ति शुद्धीकरणसम्वन्धी विधेयकलाई राष्ट्रको निम्ति जतिसक्दो चाँडो टुंग्याउन जरुरी छ भन्ने विषयमा गम्भीर छलफल भयो, त्यसमा सहमति बनाउने भन्ने विषयमा सैद्धान्तिकरुपमा सहमत नै छौं, तर यस्का केही प्राविधिक पक्ष पनि छन् ।' अर्थात, टिआरसीमा मध्यमार्गी प्रस्ताव राखेको प्रचण्डले बताएका छन् ।

तर, प्रमुख प्रतिपक्षी एमालेले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा प्रक्रियामा मात्रै नभएर आफूहरुको असहमति रहेको बताउँदै आएको छ। प्रस्तावित विधेयकमा द्वन्द्वकालीन मुद्दा हेर्न छुट्टै विशेष अदालत गठन गर्ने र त्यस्तो अदालतका अध्यक्ष र सदस्यहरु सरकारले न्याय परिषद्को परामर्शमा उच्च अदालतका न्यायाधीशहरुमध्येबाट तोक्ने उल्लेख छ। एमालेले अदालत गठन प्रक्रियामै असहमति जनाएको छ ।

एमालेले आफ्नो असहमति राखेको अर्को विषय हो - नकारात्मक सूची (भेटिङ)को विषय । मानव अधिकार उल्लंघनकर्ताहरुलाई कुनै पनि विशेष अवसर वा लाभबाट निरुत्साहित गर्न भेटिङको अवधारणा कार्यान्वयन गरिन्छ ।

एमालेले दुबै आयोगको समयसीमा दुई वर्ष तोकेकोमा पनि आपत्ति जनाएको छ ।

विधेयक प्रस्तुत गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले आगामी दुई वर्षभित्र संक्रमणकालीन न्याय सम्बन्धी कार्यको टुंगो लगाउने सरकारको चाहना रहेको बताएकी छन् । विधेयकमा पनि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अवधि २ वर्ष तोकिएको छ ।

तर यतिका वर्षमा नटुंगिएको काम २ वर्षमा हुन्छ भन्ने प्रश्न एमालेले उठाएको छ ।

संक्रमणकालीन न्यायको विषयलाई टुंगोमा पुर्याउन चाहेको हो भने त्यसका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले पर्याप्त सहयोग पाउनुपर्ने एमालेको भनाइ छ ।

द्वन्द्वकालीन न्यायका विषयमा विगतमा सर्वोच्च अदालतले दिएको मार्गदर्शन नभुल्न पनि एमालेको सुझाव छ ।

# बालेनको आपत्तिजनक अभिव्यक्ति

**नेपाल सरकार भारत र चीनले बनाउने गरेको टिप्पणी गर्ने मेयर बालेन शाहको सार्वजनिक आलोचना तीव्र छ । कतिपय राजनीतिक दलका नेताहरूले बालेनको अभिव्यक्तिलाई अराजक अभिव्यक्तिको संज्ञा दिएका छन् ।**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २५ चैत ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले नेपाल सरकार भारत र चीनले बनाउने गरेको भनी गम्भिर टिप्पणी गरेका छन् । उनको यस्तो आपत्तिजनक अभिव्यक्तिको सार्वजनिक आलोचना तिव्र छ ।

शनिवार बिहान फेसबुक पेजमार्फत उनले नेपालको सरकार भारत र चीनले बनाउने गरेको आरोप लगाएका हुन् । 'इन्डिया र चाइनाले बनाएको सरकारको कुनै इज्जत गर्दिन म । नेपाल स्वाधीन कहिले हुने ?' मेयर शाहले प्रश्न गरेका छन् ।

संघीय सरकारले आफूलाई असहयोग गरेको बताउँदै आएका शाहले आपत्तिजनक अभिव्यक्ति दिएपछि सार्वजनिक आलोचना तिव्र छ ।

शनिवार नै उनले फेसबुक पेजमार्फत सिंहदरबारको फोहोर नउठाउने घोषणा पनि गरेका छन् । काठमाडौंको फोहोर उठाउने सन्दर्भमा मेयर शाहले राजनीतिक दलका नेतृत्व प्रति समेत कडा टिप्पणी गरे । उनले फेसबुकमा लेखेका छन्, 'साँच्चिकै देश सफा गर्नु परे, त्यहाँ (सिंहदरवार)का नेताहरुलाई सिस्डोलमा डम्प गर्नु पर्ने हुन्छ ।'

काठमाडौं महानगरपालिकाले शुक्रबार गैरीगाउँस्थित सुकुमबासी बस्तीमा डोजर चलाउने प्रयास गरेको थियो । तर, सफल भएन । केन्द्र सरकारको असहयोग भएको मेयर बालेनको बुझाइ छ । यही बुझाइका कारण उनले आपत्तिजनक अभिव्यक्ति दिएको हुन सक्ने कतिपयको बुझाइ छ ।



> मेयर बालेनको अभिव्यक्तिले नेपाली समाजलाई चरम अराजकतातिर लैजाने नियोजित प्रयास भइरहेको संकेत गर्दछ । जिम्मेवारीमा बसेपछि जिम्मेवार र जवाफदेही बन्नै पर्छ ।
>
> **शंकर पोखरेल**
> **महासचिव, एमाले**



> काठमाडौंका मेयर बालेन शाहको अभिव्यक्तिले अराजकताको सीमा नाघ्दै छ । सरकार गम्भीर बनोस् । सिंहदरबारका सबैलाई खाल्टोमा पुर्ने भनिएको लगायतका अभिव्यक्ति आपत्तिजनक छन् ।
>
> **डा.विजय पौडेल**
> **उपमहासचिव, एकीकृत समाजवादी**

नेकपा एमालेका महासचिव शंकर पोखरेलले मेयर शाहको अभिव्यक्तिलाई नेपाली समाजलाई अराजकतातिर लाने नियोजित प्रयासको संकेत भनेका छन् ।

मेयर शाहले सामाजिक सञ्जालमार्फत सिंहदरबारको फोहोर नउठाउने र नेताहरूलाई सिसडोलमा डम्प गर्नुपर्ने बताएपछि त्यसप्रति आपत्ति जनाउँदै एमाले महासचिव पोखरेलले जिम्मेवार बन्न आग्रह गरेका हुन् ।

'मेयर बालेनको अभिव्यक्तिले नेपाली समाजलाई चरम अराजकतातिर लैजाने नियोजित प्रयास भइरहेको संकेत गर्दछ', एमाले महासचिव पोखरेलले ट्विटरमा लेखेका छन्, 'जिम्मेवारीमा बसेपछि जिम्मेवार र जवाफदेही बन्नै पर्दछ ।'

नेकपा एकीकृत समाजवादीका उपमहासचिव डा.विजय पौडेलले पनि मेयर शाहको विरोध गरेका छन् । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा एक नेपाली कामदारविरूद्ध जन्मकैदको अभियोग

**मध्यान्ह संवाददाता**
मलेसिया, २५ चैत

सहकर्मी हत्याको आरोपमा एक नेपाली कामदारविरूद्ध मलेसियाको रावाङस्थित स्थानीय मजिष्ट्रेट अदालतमा जन्मकैदको अभियोगपत्र दायर भएको छ । नेपालको ठेगाना नखुलेका २५ वर्षीय सन्तोष मगरमाथि गत जनवरी १७ तारिखमा ४८ वर्षीय राज कार्कीको हत्या गरेको अभियोग छ । मृतक कार्कीको पनि नेपाली ठेगाना खुलेको छैन ।

गत जनवरी १७ तारिखमा कार्कीको शव रावाङ नजिकै नर्थ-साउथ एक्सप्रेस वे को ४४७ किलोमिटर क्षेत्रमा कालो सुटकेसमा फेला परेको थियो । मगरविरूद्ध मलेसियन पेनल कोडको दफा ३०२ अनुसारको अभियोग लगाइएको छ । अभियोग प्रमाणित भएमा उनलाई मृत्युदण्डको सजाय हुनेछ ।

अदालतमा अभियोगपत्र दर्ता गरिएपछि भाषा अनुवादको माध्यमबाट मगरलाई अभियोगबारे जानकारी गराइएको छ । उक्त मुद्दामा आगामी मे २२ तारिखमा सुनुवाइको मिति तोकिएको छ ।

मगर मलेसियामा ओभरस्टे भई अवैधानिकरूपमा लुकेर बसेका थिए । प्रहरीले उनीविरूद्ध अध्यागमन कानून उल्लंघनको अर्को अभियोग पनि लगाएको छ । उक्त अभियोगमा उनलाई कम्तिमा ४ महिनाको जेल सजाय हुने बताइएको छ । >>> पृष्ठ २ मा

## नेवाः समाजमा प्रधानकै नेतृत्वमा नयाँ कार्यसमिति




काठमाडौं / मस- वैदेशिक रोजगार व्यवसायी नेवाः समाजको अध्यक्षमा पुनः क्राउन ओभरसिज प्रा.लि.का सञ्चालक किशन प्रधान निर्विरोध निर्वाचित भएका छन् । शुक्रबार राजधानीमा सम्पन्न समाजको चौथो वार्षिक साधारण सभाको क्रममा दुई वर्षे कार्यकालका लागि व्यवसायी प्रधान पुनः निर्विरोध निर्वाचित भएको घोषणा गरिएको हो । समाजको प्रथम उपाध्यक्षमा विजयराज श्रेष्ठ, द्वितीय उपाध्यक्षमा दिनेश श्रेष्ठ र तृतीय उपाध्यक्षमा प्रवीन श्रेष्ठ, महासचिवमा देवेन्द्रनारायण >>> पृष्ठ २ मा

## व्यवसायी राईको हत्याको आशंका

**काठमाडौं / मस-** मार्भेलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि.ले कम्पनीका म्यानेजिङ डाइरेक्टर रिन्जी राईको मलेसियामा दुई जना नेपालीबाट हत्या भएको आशंका गरिएको छ । उक्त कम्पनीले नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा दर्ता गराएको 'छानबिनमा सहयोग गरीपाउँ' भन्ने निवेदनमा शंकरप्रसाद आचार्य र महेन्द्रजंग शाहीबाट हत्या भएको हुनसक्ने आशंका गरिएको उल्लेख छ । >>> पृष्ठ २ मा

# मुकुन्द न्यौपानेले छाडे एकीकृत समाजवादी

**शनिवार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै उनले पार्टीको सम्पूर्ण जिम्मेवारी परित्याग गर्दै पार्टीको साधारण सदस्यसमेत नरहेको घोषणा गरेका हुन् ।**

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २५ चैत ।



नेकपा एकीकृत समाजवादीका नेता मुकुन्द न्यौपानेले पार्टी परित्यागको घोषणा गरेका छन् ।

शनिवार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै उनले पार्टीको सम्पूर्ण जिम्मेवारी परित्याग गर्दै पार्टीको साधारण सदस्य समेत नरहेको घोषणा गरेका हुन् ।

एकीकृत समाजवादीमा रहेका अन्य नेता कार्यकर्तालाई पनि एकीकृत समाजवादीको सम्बन्ध तोड्न आग्रह गरेका छन् ।

विगतमा पार्टीमा आफूले राखेका विषयहरुको सम्बोधन नभएकोले एकीकृत समाजवादी नसुध्रने निचोडसहित पार्टी छाडेको उनको कथन छ । न्यौपाने एकीकृत समाजवादीमा माधवकुमार नेपाल र झलनाथ खनालपछि तेस्रो वरीयतामा थिए ।

पार्टी छाड्दै उनले नेकपा एकीकृत समाजवादी पिँध बिनाको बाल्टीको अवस्थामा रहेको टिप्पणी गरे । >>> पृष्ठ २ मा

# अन्तरजातीय विवाह गर्ने ६० जोडी सम्मानित

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २५ चैत

जुम्लामा अन्तरजातीय विवाह गर्ने ६० जोडी सम्मानित भएका छन् । दलित मुक्ति मोर्चाले आयोजना गरेको कार्यक्रममा अन्तरजातीय विवाह गर्ने ६० जोडीलाई सम्मान गरिएको हो ।

विद्यमान जातीय विभेदलाई तोडेर अन्तरजातीय विवाह गर्ने जोडीलाई हौसला प्रदान गर्न सम्मान गरिएको नेकपा माओवादी केन्द्र निकट दलित मुक्ति मोर्चाका अध्यक्ष चन्द्रबहादुर नेपालीले बताए ।

गुठिचौर गाउँपालिकाका उमेश परियारले यस्तो कामले आफ्नो परिवारलाई थप हौसला प्रदान गरेको बताए ।



सम्मानित अन्तरजातीय जोडीले पनि यो महत्वपूर्ण कार्यका लागि मोर्चालाई धन्यवाद दिए ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज नरेश भण्डारीले समानुपातिकको सूत्रधार माओवादीले यस्ता काममा जोड दिएको बताए । उनले संघीयता, समानुपातिक र समावेशीमा माओवादी केन्द्रले नै प्रथामिकता दिने भएकाले अन्तरजातीय विवाहलाई प्रोत्साहनसहित सम्मान गरिएको बताए ।

कर्णाली प्रदेश सरकारका सचेतक तथा प्रदेश सांसद रणसिंह परियारले दलितले बनाएको घरमा बस्ने, तर पानी नखाने प्रवृत्ति अब हट्दै जानुपर्ने भन्दै सम्मान कार्यक्रमका लागि जुम्ला नेकपा माओवादी केन्द्रलाई धन्यवाद ज्ञापन गरे ।

कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य गोमा कुँवरले अन्तरजातीय विवाह गरेर समाजलाई परिवर्तन गर्न खोजेको भन्दै सम्मानित जोडीहरुलाई धन्यवाद दिइन् । पछिल्लो समयमा जुम्लामा अन्तरजातीय विवाह गर्ने जोडीहरुको संख्या बढ्दै गएको छ ।

# राष्ट्र निर्माणमा लाग्न पूर्वमन्त्री हुसैनको आग्रह




**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २५ चैत

पूर्वमन्त्री तथा संविधान सभा सदस्य जाकिर हुसैनले पहिचान आन्दोलनका पक्षधरहरू बहुमतमा रहे पनि गन्तव्यहीन आन्दोलन, आपसी अविश्वास तथा असमझदारी र नेतृत्व तहको अकर्मण्यताले नतिजामा पुग्न नसकेको बताएका छन् ।

पहिचानमा आधारित आन्दोलको विगत र वर्तमान विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले उक्त कुरा बताएका हुन् । टुगेदर वी क्यानले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उनले मुस्लिम आन्दोलनले लामो समयको मेहनतद्वारा निर्माण गरेको 'मुस्लिम समुदायको पृथक राष्ट्रिय पहिचान' लाई मधेश केन्द्रित दलहरूले स्वीकार गर्न नसक्नु, थारू र मधेशीबीच समझदारी हुन नसक्नु, मधेशका पिछडावर्ग, दलित आदिको विचारलाई समायोजन गर्न नसक्नु मधेश आन्दोलनको असफलताको कारण रहेको बताए ।

सोही प्रकृतिको समस्या जनजातिहरूमा पनि रहनु नै पहिचानवादी आन्दोलनले नतिजा दिन नसकेको उनले बताए । उनले विगतमा शोषण गर्नेलाई वर्तमान र भविष्यमा गाली मात्र गरेर समस्याको समाधान हुन नसक्ने बरु समझदारी कायम गरेर सबै मिलेर राष्ट्र निर्माणमा लाग्नुपर्ने बताए ।

कार्यक्रममा पूर्व प्रदेश सभा सदस्य मञ्जु यादव, आदिवासी जनजाति महासंघका पूर्व उपाध्यक्ष गोविन्द छन्त्याल र अधिवक्ता विकास ठाकुरले मन्तव्य राखेका थिए । कार्यक्रममा मुस्लिम मिडिया प्रा.लि. का अध्यक्ष इस्तियाक अहमदको पनि उपस्थिति रहेको थियो । संस्थाका अध्यक्ष चुँडामणी यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रम सचिव शम्साद आदिलले सञ्चालन गरेका थिए ।

# राष्ट्रिय विद्युत प्रसारण लाइनमा जोडिँदै डोल्पा



**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २५ चैत

हिमाली जिल्ला डोल्पा आगामी वैशाख १५ गतेसम्म राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोडिने भएको छ । विद्युत प्राधिकरण डोल्पाका अनुसार अहिले डोल्पासम्म विद्युत प्रशारण लाइन जोड्नका लागि निरन्तर काम भइरहेको छ ।

डोल्पा-जाजरकोट सडकखण्डमा बिजुलीको पोल गाडिएको छ भने केही ठाउँमा पहिले गाडिएको थियो ।

अबको केही दिनमा नै सबै ठाउँमा विद्युत लाइन विस्तार गरी डोल्पासम्म राष्ट्रिय प्रशारण लाइन जोड्ने तयारी तीव्र पारिएको प्राधिकरण डोल्पाले जनाएको छ ।

डोल्पामा भरपर्दो विद्युत सेवा नहुँदा सर्वसाधारण अन्धकारमै बस्न बाध्य छन् ।

विद्युत प्राधिकणले भनेकै समयमा विद्युत आउनेमा डोल्पाका स्थानीय ढुक्क छन् । अहिले जिल्लामा विद्युत सेवा नहुँदा विभिन्न कामकाजमा समेत समस्या हुँदै आएको छ ।

# मेलम्चीका ५ हजार पशुको बीमा

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २५ चैत

मेलम्ची नगरपालिका वडा नम्बर १ भोटेचौरको सूर्यमुखी साना किसान कृषि सहकारी संस्था लिमिटेड पशुधन सुरक्षण समितिको ८ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

समितिमा अहिले ५ हजार १ सय ९२ वटा पशुको बीमा भएको समितिका अध्यक्ष गोविन्दप्रसाद चौलागाईंले जानकारी दिए ।

कार्यक्रमकी प्रमुख अतिथि मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानले सहकारीले ल्याएको बीमाको कार्यक्रमलाई आत्मसाथ गर्दै बाँकी रहेका पशुको समेत बीमा गर्न आग्रह गरिन् । उनले बीमाको महत्वबारे जानकारी गराउँदै बीमाका कारण हुने फाइदाबारे किसानहरुले बुझ्नुपर्ने बताइन् । उपप्रमुख प्रधानले सहुलियतमा सहकारीले किसानको लागि ऋण उपलब्ध गराएको उल्लेख गर्दै ऋण लिएर व्यवसायीक बन्न समेत सुझाव दिइन् । उनले नगरपालिकाले पनि किसानको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै नगरबाट समेत सेवा लिन आग्रह गरिन् । कार्यक्रमका विशेष अतिथि सहकारीका अध्यक्ष मित्रलाल चौलागाईंले व्यवसायीक बन्ने किसानको लागि सहकारीले जतिपनि लगानी गर्ने बताए ।

देशले आर्थिक संकटको सामना गरिरहेको अवस्थामा पनि सहकारी मार्फत ऋण लिएर आर्थिक उपार्जन गर्ने बाटो खुल्ला रहेको उनको भनाइ छ । अध्यक्ष चौलागाईंले संस्थालाई बलियो बनाउँदै सबै किसानको भविष्य उज्वल बनाउन सहकारी लागिरहेको बताउँदै किसानलाई व्यवसायीक बन्नका लागि र कृषि पेशामा आकर्षित गर्नका लागि सहकारीले गर्दै आएका विभिन्न कार्यक्रमको बारेमा जानकारी गराए ।

कार्यक्रममा सबैभन्दा धेरै दुग्ध बिक्रि गर्ने, धेरै पशुबस्तुको बीमा गर्ने किसानहरुलाई पुरस्कारसहित सम्मान समेत गरिएको थियो । सो अवसरमा डेक्ची, बाल्टि, भिटामिन लगायतको सामग्रीले सम्मान गरिएको सहकारीका लेखाशाखा प्रमुख विना पोखरलले जानकारी दिइन् ।

अतिविपन्न किसानहरुको लागि ३ प्रतिशत ब्याजमा ऋण उपलब्ध गराएको सहकारीले नाफा कमाउने नभएर सेवा गर्ने र किसानलाई धनी बनाउने उद्धेश्य बोकेको अध्यक्ष चौलागाईंले बताए । पशुधन सुरक्षण समितिका अध्यक्ष गोविन्द प्रसाद चौलागाईको अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर २ का वडा अध्यक्ष नगेन्द्रप्रसाद खतिवडा, साना किसान विकास बैंक ईलाका कार्यालय बनेपाका प्रबन्धक सरोज भट्टराई लगायतले आफ्नो धारणा राखेका थिए ।

# मेलामा एक लाख रुपैयाँ लुटियो

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २५ चैत

बझाङ दुर्गाथली गाउँपालिकामा लाग्ने चौधारी मेलामा एक महिलाको पैसा लुटिएको छ ।

दुर्गाथली गाउँपालिका-२ चौधारीमा हरेक वर्ष लाग्ने उक्त मेलामा जेरी मिठाइ पसल सञ्चालन गरेकी मनकला जप्रेलको पैसा शुक्रबार राति लुटिएको हो । मेलामा ५ दिन कमाएको लगभग १ लाख बढी रकम लुटिएको मनकलाले बताएकी छन् ।

उनले भनिन्, 'सिरानी मुनि राखेको १ लाखबढी पैसा ४,५ जनाको अज्ञात समुह लुटेर भागे ।'

यस्तै उनले ईलाका प्रहरी कार्यालय चौधारीमा निवेदन समेत दिएकी छन् । निवेदन बुझ्दै कार्यालय प्रमुख शेरबहादुर रावलले छिट्टै घटनाको छानविन गरी लुटेरा पत्ता लगाउने बताए ।

यस्तै उक्त घटनाबारे जनप्रतिनिधिलाई समेत जानकारी गराइएको छ । घटनाबारे बुझ्न दुर्गाथली गाउँपालिका अध्यक्ष दिलबहादुर थापा मनकलालाई भेट्न पुगेका थिए । घटना भएको ठाउँमै पुगेको अध्यक्ष थापाले मनकलालाई उद्धारका लागि १० हजार रुपैयाँ सहयोग गरे । सहयोग रकम हस्तान्तरण गर्दै अध्यक्ष थापाले लुटेराको खोजी कार्य गर्न प्रहरीलाई अनुरोध गर्नुका साथै पालिकाले आवश्यक सहयोग गर्ने बताए ।

# बरहथवा सरसफाइ अभियान ३६ औं हप्तामा

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २५ चैत

सर्लाहीको बरहथवा सरसरफाई अभियानले ३६ हप्ता पूरा गरेको छ । असार १८ गतेदेखि शुरु गरिएको सरसफाइ अभियान निरन्तर ३६ हप्तासम्म जारी रहेको छ ।

'बरहथवा नगरपालिका हाम्रो, सफा गरे हुन्छ राम्रो' भन्ने मूल नाराका साथ केही युवाले अभियान सञ्चालन गरेका हुन् ।

उनीहरुले बरहथवा सरसफाइ अभियान समूह गठन गरी स्वतस्फुर्तरुपमा बरहथवा नगरपालिकाको विभिन्न वडामा सरसफाइ अभियानलाई निरन्तरता दिँदै आएका छन् ।

सफाई अभियानमा यहाँका संघसंस्था,सहकारी, सुरक्षा निकाय तथा स्थानीयबासीको सहयोग रहँदै आएको छ । सफाई अभियानसँगै अभियन्ताहरुले जनचेतनामुलक कार्यक्रम पनि गर्दै आएका छन् । ३६ औं हप्ताको सरसफाइ अभियान शनिबार बिहान बरहथवा नगरपालिका वडा नम्बर १४ मा गरिएको बरहथवा युवा संजालका संयोजक अंकित चौधरीले जानकारी दिए । त्यही क्रममा शसस्त्र प्रहरीले ग्याँस सिलिण्डरबाट लागेको आगो निभाउने अभ्यास पनि प्रदर्शन गरेको छ ।

घर-घरमा प्रयोग भइरहेको ग्याँस लिक भएर आगलागीका घटना बढिरहेको सन्दर्भमा सशस्त्र प्रहरी बल नेपाल सुन्दरपुर चुहडवाले बरहथवा नगरपालिका-१४ दिएर टोलमा आगलागी नियन्त्रण प्रयास सम्बन्धी जनचेतनामुलक अभ्यास प्रदर्शन गरेको हो । सशस्त्र प्रहरीले ग्याँस सिलिण्डरबाट बलेको आगोलाई भिजाएको कम्बलले बेरेर तथा प्लास्टिकको बाल्टिनले छोपेर निभाउने तरिका प्रदर्शन गरेर देखाएको थियो । दर्शकका रुपमा उपस्थित स्थानीयलाई पनि सिलिण्डरबाट ग्याँस लिक भएर बलिरहेको आगो निभाउने अभ्यास गराइएको सशस्त्र प्रहरी बल नेपाल सुन्दरपुर चुहडवाका प्रहरी निरीक्षक केदार सापकोटाले जानकारी दिए ।

ग्याँस सिलिण्डर लिक हुँदा लाग्ने आगो निभाउने अभ्यासलाई आगामी दिनमा पनि निरन्तरता दिइने सापकोटाले बताए ।

कार्यक्रममा बरहथवा-१४ का वडा अध्यक्ष दिपेन्द्र कुमार यादव, सशस्त्र प्रहरी, स्थानीय लगायतको सहभागीता रहेको थियो ।

कार्यक्रममा बोल्दै सरसफाइ अभियन्ता सुनिल यादवले भने, 'कसैसँग पैसा लिएर हामी यो कार्यक्रम गरेका छैनौं, आफ्नो नगर आफैं सफा राख्नुपर्छ भनेर निःस्वार्थ भावनाका साथ हामी सरसफाइ अभियानमा लागेका छौं ।' उनले यो अभियानमा स्थानीयको पनि सहभागिता हुनुपर्ने बताए ।

त्यस्तै बरहथवा-१४ का वडा अध्यक्ष दिपेन्द्र प्रसाद यादवले भने, 'मानिस मात्र एक प्राणी हो जसलाई मात्र सरसफाइका बारेमा ज्ञान छ । जो मानिस सरसफाइमा ध्यान दिन्छ उसको जीवन स्वस्थ र निरोगी बन्छ । निरोगी भएपछि जस्तोसुकै कामहरू पनि सजिलैसँग गर्न सक्छ । मानिसको स्वास्थ्य राम्रो भएपछि असल विचार आउँछ । जो मानिसले असल बनी असल काम गर्छ । त्यो व्यक्ति राष्ट्रको सच्चा नागरिक हो ।'

### बालेनको...

उनले ट्विटरमा लेखेका छन्, 'काठमाडौंका मेयर बालेन साहको अभिव्यक्तिले अराजकताको सीमा नाघ्दै छ । सरकार गम्भीर बनोस् । सिंहदरबारका सबैलाई खाल्टोमा पुर्ने भनिएको लगायतका अभिव्यक्ति आपत्तिजनक छन् ।'

सामाजिक सञ्जालमा राजनीतिक दलका नेता कार्यकर्ताले उनको अभिव्यक्तिप्रति आपत्ति जनाइरहेका बेला उता धरान उपमहानगरपालिका मेयर हर्क साङपाङ् राईले भने समर्थन गरेका छन् । मेयर राईले लेखेका छन्, 'मेयर बालेन झुकेगा नहि, अब भष्टचारको पोकोलाई तह लगाउनै पर्छ ।'

### मुकुन्द...

लेनिनले १९१७ मा भविष्य नभएको पार्टीको नेता हुनभन्दा सम्मानित नागरिक भएर जिउनु जीवनको लागि महत्त्वपूर्ण कुरा भएको बताएको उल्लेख गर्दै पार्टी परित्याग गरेको बताए । उनले भनेका छन्, 'विचार र दर्शनको धारलाई भुत्ते पारेर परिवर्तनको द्वन्द्वात्मक भौतिकवादी दर्शनको धारबाट अलगअलग भई वस्तुगत परिस्थितिको ठोस विश्लेषण नै नगरी माक्सवादका दुई चार शब्दहरू अगाडि सारेर अवस्तुवादी आत्मगत चिन्तनमा आधारित शास्त्रीय आख्यान पिलाउँदै हिँड्नु भनेको आफूलाई पिँध नभएको बाल्टीमा परिणत गर्नु हो ।'

'जति पटक इनारमा डुबाएर ताने पनि माथि आउँदा रितै हुन्छ । आज नेकपा एकीकृत समाजवादीका नेतृत्व पङ्क्तिका कतिपय नेता र तलका कमिटिका कतिपय कार्यकर्ताको हालत यस्तै छ । सांसदको लागि झगडा गर्ने सांसद पाउनासाथ मन्त्री पाउन लफडा गर्ने जति खाए पनि नअघाउने जति भरे पनि नभरिने' उनको तिखो टिप्पणी छ ।

न्यौपानेले गत माघ २१ र २२ गतेको केन्द्रीय कमिटीको बैठकमा आफ्नो धारणा सहित ३३ बुँदे फरक मत राखी छलफलको लागि माग गरेका थिए । त्, त्यसउपर हालसम्म कुनै पनि छलफल नभएकोप्रति गुनासो गर्दै पार्टी छाडेका हुन । आफूले ५४ वर्षको राजनीतिक जीवन यात्रा गरेको बताउँदै कम्युनिस्ट कार्यकर्ता विधि, प्रक्रिया र साङठनिक ढाँचा अनुरूप पार्टीको सदस्य भएर बस्नु भन्दा देशको असल नागरिक भएर वस्तु उचित हुनेछ भन्ने सोच लिएर पार्टी परित्याग गरेको बताएका छन् ।

### मलेसियामा...

गत जनवरीमा प्रहरीले कालो सुटकेसभित्र कार्कीको शव र राजमार्ग वरिपरि शरीरका विभिन्न अंगहरू फेला पारेको थियो । हत्याका लागि अभियुक्तले धारिलो हतियारले पटकपटक प्रहार गरेको पाइएको स्थानीय सुनगाई बुलोह प्रहरी प्रमुख अबु बाकरलाई उद्धृत गर्दै मलेसियाको सरकारी सञ्चारमाध्यम बेर्नामाले उल्लेख गरेको छ ।

### नेवाः....

श्रेष्ठ, सचिवमा गगन श्रेष्ठ र कोषाध्यक्षमा मोती लक्ष्मी श्रेष्ठ पनि निर्विरोध निर्वाचित भएका छन् । कार्यसमिति सदस्यहरूमा अमितकुमार श्रेष्ठ, कूष्णभक्त श्रेष्ठ र चन्द्रकुमार श्रेष्ठ निर्वाचित भएका छन् ।

साधारण सभाले संघको वार्षिक प्रतिवेदन, महासचिवको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सर्वसम्मतले पारित गरेको छ । नेपाल खुद्रा व्यापार संघका सभापति तथा नेवाः दवुका पूर्वअध्यक्ष पवित्र बज्राचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनाल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, वैदेशिक रोजगार व्यवसायी तमुधीं समाजका अध्यक्ष तीर्थबहादुर गुरूङ, महिला वैदेशिक रोजगार व्यवसायी संघकी अध्यक्ष तथा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सीता देवकोटा, नेपाल मगर व्यवसायी समाजका अध्यक्ष पदमबहादुर आले, नेपाल तामाङ व्यवसायी समाजका अध्यक्ष मिन तामाङ, जापान इम्प्लोइमेन्ट कोअर्डिनेशन काउन्सिल (जेईसीसी) का अध्यक्ष मदन महत, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसेन, नेपाल मुस्लिम वैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष मल्जुम मियाँ, नेपाल वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाज तथा धौलाश्री समाजमा अध्यक्ष त्रिलोक चन्द विश्वास विक, सामाखुसी वैदेशिक रोजगार व्यवसायी एकता समाजका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्री, संघका पूर्वअध्यक्ष पुष्प महर्जनलगायतले नयाँ कार्यसमितिको सफलताको कामना गरे ।

समाजका अध्यक्ष प्रधानको सभापतित्वमा सम्पन्न कार्यक्रममा अग्रज वैदेशिक रोजगार व्यवसायीहरूले मागपत्र प्रमाणीकरणमा रहेको पक्षपात र भेदभाव रोक्न तथा सेवा शुल्क परिमार्जन, संख्या सयलगायतका समस्या समाधान गर्न वैदेशिक रोजगार ऐनको संशोधन, महिला वैदेशिक रोजगार व्यवसायीहरुले भोग्नु परेका समस्या, घरेलु कामदार पठाउन व्यवधान, अनधिकृत युट्युबरहरूले सिर्जना गरेको अशान्ति र असुरक्षा, साउदी दूतावास समस्यालगायतका विषयमा जोडदार आवाज उठाएका थिए । उनीहरुले संघका अध्यक्ष भण्डारीको ध्यानाकर्षण गराउँदै व्यवसायी एकताका पक्षमा काम गर्न आग्रह गरे ।

जवाफमा अध्यक्ष भण्डारीले आफू संघलाई संस्थागत पद्धतिमा सञ्चालन गरी पूर्वअध्यक्षहरू समेतलाई राखी छलफल गरेर अघि बढ्न चाहेको बताए । उनले सेवा शुल्क परिमार्जन व्यवसायीको पहिलो ऐजेण्डा भएकाले कामदारको एक महिनाको तलब बराबरको रकम लिन पाउने व्यवस्थाका लागि सरकारी पक्षलाई दबाब दिने बताए ।

समाजका नवनिर्वाचित अध्यक्ष प्रधानले समाजलाई वैदेशिक रोजगारका समस्या समाधान गर्न संघलाई सहयोग गर्नुका अतिरिक्त नेवारी सभ्यताको विकास र उन्नयनका साथै सामाजिक उत्तरदायित्वका काममा पनि सक्रिय बनाउने बताए । समाजले सकेसम्म एम्बुलेन्स नभए शववाहन सेवा सञ्चालन गर्ने बताए ।

सरकारले ल्याएको शून्य लागतले वैदेशिक रोजगारमा जाने कामदार असुरक्षित भएको र व्यवसायीबाट कर लिन नपाउँदा राज्य ठगिएकाले त्यसमा परिमार्जन गर्नुपर्ने विषयमा समाज लागिपर्नेसमेत अध्यक्ष प्रधानले बताए । सभामा वैदेशिक रोजगार व्यवसायी संघका प्रथम अध्यक्ष पुष्पलाल महर्जनलाई वैदेशिक रोजगार क्षेत्रमा पुऱ्याएको येगदानको कदरस्वरुप दोसल्ला ओढाएर सम्मान गरिएको थियो भने नेवाः समाजलाई आर्थिक सहयोग गर्ने संस्था र व्यवसायीहरुलाई पनि सम्मानपत्रसहित सम्मान गरिएको थियो । सभामा समाजका नयाँ सदस्यहरुलाई स्वागत गरिएको थियो ।

### व्यवसायी...

मृतक राईको झुण्डिएको तस्विर हेरेका वैदेशिक रोजगार व्यवसायीहरूले व्यवसायी राईको योजनावद्धरूपमा हत्या गरिएको हुनसक्ने बताएका छन् । तर मलेसियाबाट मृतक राईको पोष्टमार्टम रिपोर्ट आइसकेको छैन । मृतक राईको दुवै खुट्टाले भुईंमा टेकेको अवस्थामा शव फेला परेको थियो ।

मार्भलस म्यानपावरका अर्का सञ्चालक भरत पाण्डेका अनुसार राई मलेसियाको ग्यान्टिङ आइल्याण्डमा रहेको स्टार डोमेन कम्पनीमा कामदारको विवाद भएपछि समस्या समाधानका लागि गएका थिए । बिहीबार समस्याको समाधानका लागि छलफल गरेपछि उनी कम्पनीको होस्टेलमा बसेका थिए । म्यानपावर कम्पनीले आचार्य र शाहीसँग आर्थिक कारोबारसमेत रहेको बताएको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी
सडक डिभिजन इलाम

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

(प्रकाशित मिति २०७९/१२/२६)

यस कार्यालयबाट मिति २०७९-११-१४ गते प्रकाशित Notice No.: 09-79-80, Invitation for Bids सम्बन्धि सूचना अनुसार रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा प्राविधिक प्रास्तावमा सफल (Responsive) भएका तपसिल बमोजिमको बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८०-०१-०३ गते दिनको ठिक ११:०० बजे सडक डिभिजन इलाममा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) र (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सूचना नं. | ठेक्का नं | कामको विवरण | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदताहरुको नामावली |
| --- | --- | --- | --- | --- |
| 1 | | RDILAM/ 337310113/079/80/33 | Rehabilitation Works Along Mechi Highway (Phidim Suketar Section) | M/S Bouddha Nirman Sewa, Ilam |
| 2 | 09-79-80 | RDILAM/ 337310113/079/80/34 | Rehabilitation Works Along Mechi Highway (Maikhola Phidim Section) | M/S Bouddha Nirman Sewa, Ilam |
| 3 | | RDILAM/ 337310113/079/80/35 | Rehabilitation Works Along Mechi Highway (Chihanedanda Maikhola Section) | M/S Bouddha Nirman Sewa, Ilam |

डिभिजन प्रमुख

# कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्था आयो : उपप्रधानमन्त्री

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २५ चैत

उपप्रधान एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्था आएको बताएका छन् । शनिबार सुर्खेत विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उनले यस्तो बताएका हुन् । उनले केन्द्रीय गठबन्धन अनुसार कर्णालीमा पनि चाँडै नै नेपाली कांग्रेस सरकारमा जाने बताए । उनले के गर्ने भनेर केन्द्रको नेतृत्वले निर्णय गर्ने र सोही निर्णय सबैतिर लागू हुने बताए ।



'केन्द्रमा भएको निर्णय सबै ठाउँमा लागू हुन्छ र लागू हुने क्रम अघि बढेको छ', उनले भने, 'कर्णालीमा पनि चाँडै नेपाली कांग्रेस सरकारमा गएको देख्नुहुन्छ ।' एमालेसँगको अप्राकृतिक गठबन्धन भत्काएर प्राकृतिक गठबन्धन बनाउन सफल भएको मन्त्री खड्काले बताए । 'संसद् विघटनलाई वैधानिक दिने प्रयत्न एमालेका पार्टी अध्यक्ष केपी ओलीले संसद्मा आफ्नो अभिव्यक्तमार्फत घोषणा गर्नुभयो र संवैधानिक परिपाटीलाई चुनौती दिनुभयो । आफूले गरेका असंवैधानिक कदमहरुलाई अदालतले असंवैधानिक कदमहरुलाई स्वभाविक भन्नुभयो,' उनले भने । यस्तै उनले चुनावमा गरेका प्रतिबद्धता र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जनतासामु गरेको प्रतिबद्धताअनुसार कर्णालीमा पर्याप्त बजेट छुट्याइने बताए । उनले कर्णाली राजमार्गलाई आगामी बजेटमा राष्ट्रिय गौरवको आयोजनामा समेट्ने दाबी गरे । कर्णाली सरकारले कर्णाली करिडोर सडकको सुरुङ मार्गसहितको डिपिआर गरिसकेको उनले जानकारी दिए ।

# पर्यटकको रोजाइ बन्दै स्यार्पु ताल

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २५ चैत



प्रकृतिको सुन्दर उपहार स्यार्पु ताल, चारैतिर हरिया डाँडाकाँडाले घेरेको बीचमा मनमोहक र रमणीय ताल । जहाँ हजारौं पर्यटकहरू स्वर्गीय आनन्द लिन आइपुग्छन् । तालको स्वच्छ पानी, वरपरका चिटिक्क मिलेका स-साना बस्ती र तालभित्र सल्बलाउने माछाको दृश्यले स्यार्पुलाई थप सुन्दर र मनमोहक बनाएको छ ।

कर्णाली प्रदेशको रूकुम पश्चिममा करिब २६०० वर्गमीटर क्षेत्रफलमा फैलिएको स्यार्पु ताल पछिल्लो समय यस क्षेत्रकै प्रमुख पर्यटकीयस्थलको रूपमा रहेको छ। जिल्लाको बाँफिकोट गाउँपालिका वडा नं. ३ र ५ मा अवस्थित ताल अवलोकन गर्न आउने जो कोही पर्यटकले यस क्षेत्रको वर्णन नगरी बस्न सक्दैनन् ।

रूकुम पश्चिमको डिग्रे मन्दिरपछिको दोस्रो पर्यटकीय स्थलको रूपमा स्यार्पु ताल परिचित रहेको छ । तालको पूर्वमा रहेको पैयाबार, पश्चिममा स्यार्पु गेट, उत्तरमा स्यार्पु गाउँको दृश्यले स्यार्पु थप सुन्दर देखिन्छ । स्यार्पु हेर्नका लागि आउने पर्यटक संख्या अन्य समयमा भन्दा वर्षायाममा बढी हुने गर्छ ।

पश्चिम रूकुमको सदरमुकाम मुसिकोटबाट करिब तीन घण्टाको पैदल यात्रापछि स्यार्पु ताल पुग्न सकिन्छ भने साना सवारी साधनमार्फत करिब एक घण्टाको यात्रा गरेपछि स्यार्पु ताल पुगिन्छ । स्यार्पु ताल पुगिसकेपछि विभिन्न परिकारका खानाहरूको स्वाद लिन सकिन्छ । पर्यटकहरूको सहजताका लागि सञ्चालन गरिएको होमस्टेहरूमा स्थानीय उत्पादनबाट बनेका परिकारहरूको स्वाद लिन पाइन्छ ।

स्थानीयस्तरमा पाइने अर्गानिक मकैका रोटी, कोदोको ढिँडोलगायतका अन्य परिकारहरूले स्यार्पु हेर्न आउनेहरूलाई थप आकर्षित गर्ने गरेको छ। यस्तै तालमा पाइने माछाहरूको स्वाद लिनसमेत सकिन्छ । काठबाट निर्माण भएका डुंगाबाट स्यार्पु ताल अवलोकन गर्न सकिन्छ । यस्तै स्यार्पु ताल वरपरको पूर्ण दृश्य अवलोकनका लागि दुईवटा भ्यूटावरको व्यवस्था गरिएको छ। कर्णाली प्रदेशमा रहेका अन्य पर्यटकीय स्थलहरू जस्तैः डोल्पाको सेफोक्सुण्डो, कालिकोटको पचाल झरना, मुगुको रारा तालपछि स्यार्पु ताल पर्यटकहरूको रोजाइमा पर्ने गरेको छ। स्यार्पु तालसँगै यहाँ रहेका खोलानालाले वातावरणीय सुन्दरतालाई थप उत्कृष्ट बनाउन सहयोग गरेको छ भने लेकको चिसा खोलानाला, ढुंगेखोला, सिमई झरी, चिसाखोला, बौलाखोला र भालुखोला स्यार्पु तालमा मिसिने खोलाहरू हुन्।

# नेपाली नयाँ वर्षमा कतारको कर्नेचमा नेपाली मेला लाग्ने



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २५ चैत

गैर आवासीय नेपाली संघ (एनआरएनए), राष्ट्रिय समन्वय परिषद् कतारको समन्वय र कतारमा स्थापित नेपाली संघ संस्थाहरूको संयुक्त आयोजनामा नेपाली नयाँ वर्ष मनाइने भएको छ। नयाँ वर्ष २०८० को अवसरमा आगामी २८ अप्रिल शुक्रबारका दिन कतारको मुख्य पर्यटकीयस्थल कर्नेचमा अवस्थित फ्ल्याग जोनमा नेपाली मेलासहित वृहत् सांस्कृतिक कार्यक्रम गरिने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

उक्त कार्यक्रममा आफ्नो सांगीतिक प्रस्तुति दिन नेपालबाट पछिल्लो समयकी चर्चित गायिका एलिना चौहान, भर्षटायल गायिका मेलीना राई, लोक तथा दोहोरी गायक श्याम राना, मोडल तथा अभिनेत्री साक्षी लम्साल, कार्यक्रम प्रस्तोता विवेक खतिवडा आउने भएका छन् । नेपालबाट आमन्त्रित कलाकारसँगै कतारमा रहेकी चर्चित गायिका ववित माझीसहित थुप्रै कलाकारहरूले आफ्नो सांगीतिक प्रस्तुति दिने भएका छन् ।

एनआरएनए एनसीसी कतारले नेपालका राष्ट्रिय पर्वहरू एकसाथ मनाउँदै आइरहेको छ। कार्यक्रममा कतारमा स्थापित संघसंस्थाहरुको उल्लेख्य सहकार्य रहने अपेक्षा गरिएको छ । करिब ४० लाख नेपाली रुपैयाँ बजेट अनुमान गरिएको उक्त कार्यक्रमलाई एनसीसी कतारले विशेषरूपमा लिएको संघका अध्यक्ष मोहमद मुक्तदाले बताए । उनले करिब ८२ वटा देशका झण्डा रहेको उक्त स्थल पछिल्लो समय फुटबलप्रेमी माझ मात्र नभएर सामाजिक सञ्जालमासमेत निकै चर्चित र कतारको मुटु रहेको बताए। उनले कार्यक्रमका दिनमा कतारको कर्नेच 'मिनी नेपाल' झल्कने बताए । उनले कार्यक्रमको सफलतासँगै नेपाली संस्कृति पनि विश्वमा पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रम नेपाली नयाँ वर्ष मनाउनेमा मात्र सीमित नभएर नेपालको पर्यटन प्रवर्द्धनमा समेत टेवा दिने उद्देश्यले आयोजना गर्न लागिएको कार्यक्रमका संयोजक उत्तम गुरुङले बताए । उनले कर्नेचको उक्त स्थानमा कार्यक्रम आयोजन गर्नु नै आफैंमा ऐतिहासिक भएको हुँदा कार्यक्रम सफल बनाउन कतारमा रहेका सबै संघसंस्था तथा नेपालीहरूलाई आग्रह गरे ।

कार्यक्रमका लागि स्पोन्सर गर्न चाहनेका लागि पनि ढोका खुला रहेको बताउँदै उनले मुख्य प्रायोजकका लागि २५ हजार रियाल कायम गरिएको जानकारी दिए । कार्यक्रमका लागि सह प्रायोजक, प्रायोजक, गोल्डेन स्पोन्सरलगायत विविध शीर्षकमा स्पोन्सर गर्न सकिने उनको भनाइ छ । उनले एनसीसी कतारको कोषबाट रकम खर्च नहुने गरी विभिन्न दाता तथा विदेशी कम्पनीहरुसँग घनिभूत छलफल भइरहेको जानकारी दिए। कार्यक्रमबाट भएको मुनाफा एनसीसीको श्रमिक कल्याणकारी कोषमा जम्मा गरिने उनले बताए।

निःशुल्क प्रवेशको व्यवस्था गरिएको कार्यक्रममा आयोजक संस्थाहरूबाट सहभागी हुन चाहने सबै व्यक्तिका लागि स्पेसल पास, कुर्सी तथा खानाको व्यवस्था गरिने भएको छ। संस्थागत सहभागी हुन चाहने व्यक्तिको नामावली कार्यक्रम हुनु भन्दा पहिले नै एनसीसीमा बुझाउनसमेत आग्रह गरिएको छ । रमजानपछिको पहिलो वृहत् कार्यक्रम भएको हुँदा उल्लेख्य दर्शकको उपस्थिति रहने आयोजकको अपेक्षा छ । कार्यक्रममा उपस्थित हुने दर्शकले पनि नेपाली पोसाक तथा बाजागाजासहित उपस्थित भएर नेपाली मेलालाई सार्थक र सफल तुल्याउन आयोजकले आग्रह गरेको छ । कार्यक्रम दिउँसो ४ बजेबाट शुरु हुनेछ ।

# स्रष्टाहरुबीच काव्य गोष्ठी एवम् शुभकामना आदानप्रदान

**काठमाडौं/मस–** पिंगल नामको सम्वत्सर नयाँ वर्ष २०८० को पूर्व सन्ध्यामा काठमाडौंस्थित जोरपाटीमा स्रष्टाहरुको जमघटमा काव्य गोष्ठी एवम् शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।



अभिनव साहित्य समाजको २ सय ५४ औं काव्य गोष्ठी कार्यक्रममा अधिकांश सर्जकहरुले समसामयिक कविता, मुक्तक, गजल वाचन गरेका थिए । ज्यो पं. अच्युतप्रसाद पौडेल चिन्तनले आउने वर्ष नेपालीहरुको जीवन अतितको झैँ कष्टकर नहुने, शनिको प्रभाव कम हुने र सौर्य मण्डलका राजा बुध र मन्त्री शुक्रका कारण देशबासीमा केही सहजता अनुभूति हुने बताए ।

उनले राजधानीको केही पर रहेको प्राकृतिक छटा मनोरम स्थलको यात्रा अनुभूति पस्कँदै भूइँ मान्छेको देशमा एक रात शीर्षकको रचना वाचन गरेका थिए । कार्यक्रममा कविहरु वेदमणी घिमिरे, निर्मलरमण पराजुली, विमल अर्याल, घनश्याम पुडासैंनी, ज्योत्स्ना, घनश्याम परिश्रमी, दुर्गा अधिकारी भँमरकोटे, कमल लामिछाने, शारदा पराजुली, बाजुराम पौडेल, गंगा भेटवाल, उर्मिला पन्त, राजेशमान केसी, रामकुमार पंडित क्षेत्री, कीर्ते पौडेल, शारदा पराजुली आदिले रचनाहरु प्रस्तुत गरेका थिए ।

# हरवाचरवा अधिकार यात्रा शुरु

**राजेन्द्र महतो/मध्यान्ह**
राजविराज, २५ चैत

मधेस प्रदेशमा दास प्रथाको अवशेषको रूपमा रहेको हरवाचरवा (बाध्यकारी बधुवा श्रमिक) प्रथा अझै अन्त्य भएको छैन । अझै पनि १ लाखभन्दा बढी परिवारहरू दासता भएर बस्न बाध्य छन्। सरकारले २०७९ साउन २ गते हरवाचरवामुक्त घोषण गरेपनि उक्त प्रथा अन्त्य नभएकाले राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले सप्तरीको राजविराजबाट अधिकार यात्रा शुरु गरेको छ ।

तत्कालिन प्रधानमन्त्री शेरवहादुर देउवाले गत साउन २ गते हरवाचरवा प्रथा अन्त्यको घोषणा गरेको ९ महिना बितिसक्दा पनि सोको कार्यान्वयन नभएकाले सरकारलाई दबाब दिन राजविराजदेखि जनकपुरसम्मको पैदल यात्रा शुरु गरिएको हो ।

मञ्चका महासचिव लागेन्द्र सदाले शनिबार बिहान ९ बजे राजविराजको नेता चोकबाट एउटा टोली र विरगञ्जबाट अर्को टोलीले पैदल यात्राको शुरुवात गरेको जानकारी दिए । उनले अधिकार यात्रामा सप्तरी, सिरहा, धनुषा र महोत्तरी गरी ४ जिल्लाका करिब १५ सय जनाको सहभागिता रहेको बताए ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०३३/४/८
स्वर्गारोहण वि.सं. २०७९/१२/२४

स्व. रिन्जि राई

यस संस्थाका संस्थापक तथा अध्यक्ष **रिन्जि राईज्यू** को असामयिक एवं अकल्पनिय स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दूःखद घडीमा आराध्यदेव श्री पशुपति नाथले वहाँको समस्त सोकाकुल परिवारजन लाई धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनि हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

MARVELOUS EMPLOYMENT NEPAL
Lic.No. 065/051/052
AN ISO 9001-2008 Certified Company

**मार्भलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि. परिवार**
शान्तिनगर काठमाण्डौं, नेपाल



## MALAYSIA मा रोजगार | कम्पनीः SPZ SECURITY SDN BHD

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ चलानी नं.: ६०१९९७४१ LT. No.: 284112

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 12 | 0 | स. काममा दक्ष | 1500 | ४४,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख ३ गते (16 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**K.S.B. International Pvt. Ltd.**
Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01-4584933, Mo. 9866241297
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net



## युएईमा रोजगार | कम्पनी : ABDULGHANI AL QANNATI PLASTER & TILES CONT. LLC.
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/१२/०१ चलानी नं.: ६०१९८१४६ LT. No.: 282694 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper/general Helper | 90 | 0 | | 800 | २८,७६८ | | | | | | | |
| 3. | Mason | 50 | 0 | | 1200 | ४३,१५२ | | | | | | | |
| 4. | Steel Fixer | 20 | 5 | | 1200 | ४३,१५२ | | | | | | | |

| SN | Interview Place | Interview Date | Phone no. |
|---|---|---|---|
| 1 | Anjali Training center, Birtamod Jhapa | 16th April 2023 (२०८० वैशाख ३) | 9824095439/ 9816978130/ 9817932278 |
| 2 | Anjali Training center, Ithari Sunsari | 17th April 2023 (२०८० वैशाख ४) | 9801057497/ 9801175495/ 02558757 |
| 3 | Ram Janaki Training Center | 18th April 2023 (२०८० वैशाख ५) | 9801303131/ 9851088431/ 9815830504 |
| 4 | PIT Training Center, Janakpur | 19th April 2023 (२०८० वैशाख ६) | 9801046355 |
| 5 | Telotama Training Institute, Butwal | 20th April 2023 (२०८० वैशाख ७) | 9813010841 |
| 6 | Bheri Hotel, Nepaljung | 21th April 2023 (२०८० वैशाख ८) | 98580202078 |
| 7 | Head Office, Kathmandu | 23th & 24th April 2023 (२०८० वैशाख १० र ११) | 01-5902344/ 01-5902345/ 01-5902346 |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SkyStar Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com



## मलेसियामा रोजगार | १. कम्पनीः POLYFLEX PACKAGING SDN BHD
शहरः PERAK

पूर्व स्वीकृत मितिः २०७९/१२/२२ चलानी नं.: ६०१९९५८५ LT. No.:284011

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 8 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३ गते (16 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Fax: 4494173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com

थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२६ चैत २०७९, आइतबार
9 April 2023, Sunday

## सम्पादकीय

# मनमौजी मेयर

काठमाडौं महानगरका मेयर बालेन्द्र साहले सरकारविरूद्ध आरोप लगाएका छन् । शनिबार सामाजिक सञ्जालबाट सिंहदरबारको फोहोर नउठाउने चेतावनी दिदै सरकारलाई सिसडोलमा फाल्नुपर्ने बताएका थिए । मेयर बालेन यतिमै रोकिएनन् । उनले अर्को स्टाटस लेख्दै यो सरकार अर्कै देशले बनाएको जस्तो गम्भीर आरोप लगाए । बालेनको अभिव्यक्तिपछि सत्तारूढ दलका कार्यकर्ता उनीविरूद्ध खनिएका छन् । शुक्रबार गैरीगाउँस्थित सुकुम्बासी उठाउने आफ्नो अभियान असफल भएपछि त्यसविरूद्ध बालेनले गैरजिम्मेवारी अभिव्यक्ति दिएका हुन् । स्थानीयको अवरोधपछि सुकुम्बासी उठाउने उनको अभियान असफल भएको थियो । यसअघि थापाथलीको बस्ती उठाउने बालेनको प्रयत्न पनि असफल भएको थियो । तर थापाथलीको असफलतापछि बल प्रयोगकै तवरमा मेयर बालेन जान खोजेका थिए ।

तर दुवै अभियान असफल भएपछि मेयर बालेन राजनीतिक नेतृत्वमाथि खनिएका हुन् । गत वर्ष वैशाखमा गैरदलीय उम्मेद्वार बनेर मेयर जितेका बालेनले कहिलेपनि राजनीतिक नेतृत्वप्रति सकारात्मक होइनन् । दलहरूप्रति नकारात्मक सन्देश सार्वजनिक गर्न सकेकै कारणले उनले मेयर जितेका थिए । तर मेयर जितेपछि उनले सहकार्य गरेर महानगरको सफल नेतृत्व गर्ने अवसर पाएका थिए । किनकि राजनीतिक नेतृत्वले खेप्नुपर्ने संभावित कमजोरीबाट उनी टाढा थिए । राजनीतिक नेतृत्वले जस्तो कार्यकर्ता जोगाउनुपर्ने बाध्यता आफूसँग नभएको तर्क गरेर बालेनले चुनावमा मत समेत पाएका थिए । तर त्यसबिपरीत बालेन एक्लो यात्रामा निस्किए । गरिखाने वर्गलाई महानगरको सडक निषेध गर्ने, सम्पदाकै रूपमा चलिरहेको खोला उधिन्ने, नदी किनारमा बर्षौदेखि बसिरहेका सुकुम्बासी बस्तीलाई बिना विकल्प उठाउने जस्ता गतिविधिमा उद्दत भए ।

तर उनको अडानमा सर्वसाधरणको साथ मिल्न सकेन । बालेनको डोजरविरूद्ध स्थानीय प्रदर्शनमा उत्रिए । त्यो प्रदर्शनमाथि बालेन बल प्रयोग गर्न चाहन्थे भन्ने अनुमान लगाउन गाह्रो पर्दैन । किनकि बल प्रयोगमा सरकारको साथ नपाएपछि सामाजिक सञ्जालमार्फत् उनी सरकारविरूद्ध खनिएका छन् । यसले बालेनको स्वीकारोक्ति बढ्दैनन्, बरू उनी गैरजिम्मेवार बनेकै प्रष्ट पार्छ । जबकी हरेक सरकारको आफ्नो सीमा हुन्छ । गरिखाने वर्गदेखि सुकुम्बासी समेतलाई बाँच्न पाउने अधिकार संवैधानिक ग्यारेन्टी हो । उनीहरूलाई विकल्प दिएर मात्रै कुनैपनि सरकारले कदम चाल्न सक्छ । त्यसैले राजधानी उपत्यकाकै नेतृत्व गर्नुपर्ने मेयर बालेनले एकपटक आफ्नो गम्भीर समीक्षा गर्न आवश्यक छ ।

# पृष्ठभूमि बिर्सेको राजनीति

*ऐतिहासिक पृष्ठभूमि केलाउँदा हाम्रो देश नेपाल मानव उत्पत्तिको केन्द्रबिन्दु मात्रै नभएर कयौं जीवहरुको उत्पत्ति भएको वैज्ञानिक तथ्य भेटिन्छ । तर, वर्तमान परिवेशमा हाम्रा राज्य सञ्चालकले गर्दा हाम्रै पृष्ठभूमि बिर्सने अवस्था बनेको छ । ऐतिहासिक पृष्ठभूमि रहेको यो देश आज किन तल परेको छ ? यसलाई सच्याउन के गर्ने ? जस्ता विषयमा बहस आरम्भ हुनु जरूरी छ ।*

अग्रलेख



● गोरखबहादुर बी.सी.

नीधि शास्त्रको उच्चतम् शास्त्र राजनीति हो । प्राचिनकालमा धर्मशास्त्रको आधारमा या धर्मसभाबाट चुनिएको व्यक्ति धर्मअधिकारीको रूपमा धर्मसभाबाट परिवर्तन भएर राजा, सामन्त या धर्मअधिकारी हुन्थ्यो । धर्मअधिकारी भनेकै राजनीतिक व्यक्ति हुन्थ्यो । मानव विकाससँग जोडिँदै आउँदा प्राचिन मानव या आदि मानवको विकसित स्वरूपलाई हेर्दा कविला युगदेखि विस्तार हुँदै गणराज्य भएको कुरा तथ्यले देखाउँछ । गणराज्य कुल, गण, यी शब्द संस्कृतिबाट आएका हुन् । अंग्रेजीमा 'क्लिम' जर्मनीमा 'सेप्ट' शब्द उल्लेख गरिएका छन् । खासगरी क्लिम शब्दलाई गोत्रको रूपमा लिइएको छ । अंग्रेजीमा क्लिम शब्दले परिभाषित गरेको अर्थ एउटै परम्परागत संस्कारसँग जोडिएको देखाउँछ । यसमा धार्मिक, राजनीतिक, आर्थिकलगायत एउटै संरचनामा आधारित छन् भनिएको छ । तत्कालिन समय मानव समुदाय कुल, गण या क्लिम या गणमाताको अधिनमा रहन्थ्यो । त्यसबेला मातृसत्तात्मक समाज जस्तै थियो । त्यसकै विकासक्रममा कुटुम्ब भनेर विस्तार भएको पाइन्छ ।

गणसमाज आमाहरुको पहिचान थियो । गणमाता हुँदै गण समाज वा त्यस बेलाको राज्य बन्यो । गण समूदायको विकास कविला समाजको रुपमा भएको देखाइएको छ । कविला शब्दको अर्थ विभिन्न लेखकहरुले विभिन्न अर्थ दिएका छन् । अब अंग्रेजीमा 'त्रिब्रे' हिन्दीमा 'जनजाती' भन्ने पाइन्छ । संस्कृतिमा गण जाती उल्लेख गरेको पाइन्छ । मानव समाजको विकासमा कविला (गणसमाज) विकास हुँदै गोत्र र थरको विकास भएको पाइन्छ । कविला समाज, गण समाजको विकास हुँदै गण र कविला समाजको शुरु हुँदै जातीतर्फ विकास भएको पाइन्छ । गणको संख्या बढ्दै समूह विवाह, कुटुम्ब समूह निर्माण हुँदै एक आपसमा सहयोग आदानप्रदान गर्दै कविला समाज वा गण समाजको अन्तिम चरणमा पशुपालन खेतीपाती आदी विभिन्न किसिमका धनुकाँड, जाल, बल्छी, पासा, धराप पारम्भिक कृषि औजारको विकास भएको पाइन्छ । यी समाजहरु घुमन्ते हुन्थे तर, विस्तारै विकसित हुँदै निश्चित क्षेत्र ओगटेर बस्न थाले र त्यहाँको भूभाग प्रकृति क्षेत्र आफ्नो हो भन्न थाले । यहाँनेर भन्नुपर्दा महिला (मातृसत्तात्मक)ले युद्ध गर्ने या आ-आफ्नो केटाकटीलाई बचाउने, त्यो समयमा महिलाले नसकेकोले पुरुषले नै अगाडी बढ्नुपर्ने अवस्था सिर्जना भएकोले पुरुष नै त्यो इलाका वा त्यो क्षेत्रको रक्षा गर्नुपर्ने भएकोले लडाईंमा पुरुष युद्धकला र कौशल भएकोले विश्वमा मातृसत्तात्मक अवस्थाको अन्त्य भएको देखिन्छ ।

मानव जाती विकसित स्वरूपमा गणमाता अन्त्यपछि युद्ध नै युद्ध हुँदै जाँदा बुढाबुढी बालबच्चा मारेर जवान युवा युवतीलाई दास बनाउने चलनको सुरुवात भयो र त्यसलाई दास प्रथा भनिएको छ । त्यसपछि दास युगमा प्रवेश भएको इतिहास देखिन्छ । यो विशेषतः रोम ग्रिस इटलीबाट शुरु हुँदै यूरोप, अमेरिकामा अफ्रिका महादेशबाट काला जातीलाई दास बनाएको इतिहास अहिले पनि जिउँदै छ । यसका लागि दक्षिण अफ्रिकाका जातीय रंगभेद आन्दोलनका अभियन्ता नेशनल मण्डेला शब्द साँक्षी छन् । यहाँनेर कविला, गण, जातको क्रममा गिलिलोभ (१९८२) यस्तै फ्रोलोभ (१९८८) एउटै भाषा, साझा भूभाग, साझा सम्पत्ति तर, कविला गणसमाज भन्दा विकसित मानव समूदाय भन्नुपर्दा कविला गण समाज हुँदै जातीको कुरा आउँछ । जातीको उत्पत्ति खासगरी दासयुगबाट शुरु भएको देखिन्छ । दास युगपछि सामन्तवादको युग शुरु भएको देखिन्छ ।

दास युग वा सामन्तवाद युगमा घरेलु उद्योग, व्यापार, सिल्पकला आदी विभिन्न कार्य शुरु भएको देखिन्छ । मर्सियर (१९५६)ले राष्ट्र जाती देशबारे नेशनल त्रिब्रे र इन्थिक्स शब्द एउटै हुन भनेका छन् । अब यसबारे अक्सफोर्ड डिक्सनरीमा (१९८५)का अनुसार राष्ट्रले अधिनस्थ गरेको भूभाग व्यक्ति जन्मिएको वा नागरिकता प्राप्त गरेको भूमिलाई देश वा भूमि जनाउँछ । त्यस्तै नेपाली शब्दकोषमा जनता, सरकार तथा सार्वभोमिकता भएको देश एकै देश, विविध भाषा, तर अर्थ व्यवस्था एउटै भएको जनाएको देखिन्छ ।

विशेषतः यहाँनेर केही कुरा दर्शाउन जरुरी छ । ईसापूर्व राष्ट्र



शब्दको २५ सय वर्षदेखि १२ सय वर्षबिचमा ऋग्वेदमा लेखिएको प्रथम खण्ड सुक्त १०४ पेजमा र ईसापूर्व एक हजार वर्षदेखि आठ सय वर्षको बिचमा लेखिएको सुक्त २९ पेजमा अर्थवेदको प्रथम खण्डमा पनि राष्ट्र शब्दको उल्लेख गरिएको छ । यसैले के देखाउँछ भने आजभन्दा पाँच हजार पाँच सय वर्ष अघिपनि राष्ट्र शब्दको ऋग्वेदमा प्रयोग भएको राष्ट्र शब्द गण समाज मानव समूदायसँग जोडिएको तर वर्तमान राष्ट्र शब्द लाखौं, करोडौं, अरबौं जनसंख्या फैलिएको मानव समूदाय त्यसको एउटा भूभाग, आवश्यक क्षेत्र, वर्ग किलोमिटर, फिट स्तम्भहरु निश्चित भू-भाग, क्षेत्र ओगटेको जनाउँछ । यहाँनेर राष्ट्र र देश अलि फरक छ । देश भनेको राष्ट्रले नियन्त्रण गरेको हुन्छ । त्यसैले राष्ट्र भनेको जातिय, भाषिक सम्बन्धमा भन्दा अर्को वृहत सम्बन्धले बाँधिएका (बहु सम्बन्ध) जनताहरुको सम्बन्ध हो । राज्य पनि राष्ट्र होइन, सरकारको रूपमा संगठित भएको एउटा क्षेत्र सार्वभोम राजनीतिक संरचना राज्य हो ।

राष्ट्रले आमरूपमा साझा इतिहास, साझा भू-भाग आफ्नो संस्कृति, जनसंख्या भाषा, आदि सामाजिक जीवन साझा मनोवैज्ञानिक संरचना आदिलाई जनाउँछ । त्यसैले राज्य, राष्ट्र र देशमा अलि फरक पर्दछ । राष्ट्र र राज्य साझा हुँदैनन् । तर, देश साझा हुन्छ । हाम्रो देश बहुभाषिक बहुजातिय भएकाले यहाँ अहिले संघियता बनेको छ । तर, त्यसको स्वरूप र ढाँचा बनेको छैन् ।

आजभन्दा करिब १२ करोड वर्ष अगाडि उत्तरको लुरेसिया र दक्षिणको गोडवानाल्याण्डको रूपमा बाँडिएका जमिनमा दुई ओटा ठूला भूखण्डहरु छ करोड वर्षभन्दा अगाडी आएर विभिन्न द्रीपहरुमा बाँडिनु अगाडि नेपालको भूभाग टेनिस सागर सभ्यताको गर्भमा लुकेको थियो । यो शब्द भारतीय विद्धान महरीदत्तले उल्लेख गरेका छन् । उनको भनाईअनुसार दक्षिण एसिया महादिप मध्य जीवकल्पसम्म अफ्रिकी महादेशमा जोडिएको थियो । पृथ्वीमा आएको हलचल वा कम्पटले कतिपय भूभागमा पानी र कति भूभागमा पानीमाथि आएर पहाड बन्ने टेनिस सागर भूभभाग उठ्न गई चुरे महाभारत, तिब्बतलगायत उच्च हिमाली पहाडी भएको पाइन्छ । त्यसैले भारतीय प्लेट ठोकिँदा उच्च हिमाली, चुरे तिब्बतमाथि उठ्न गएको विद्धानहरुको कथन रहेको छ ।

त्यसैले भूकम्पीय दृष्टिकोणमा नेपाल उच्च जोखिममा छ । यहाँनेर नेपालको मनाङ, मुस्ताङ र डोल्पा आदि स्थानमा विभिन्न सामुन्द्रिक जीव र शलिकराम, बनस्पति पाइएको चिनियाँ विद्धान लिङजिङले लेखेका छन् । यहाँनेर सन् १९८० मा नेपाल अमेरिकन संयूक्त अभियानको दलले वुटवलको तिनाउ नदीमा दायाँ किनारामा रामाप्याथिक्स (राम नर वानर) दायाँ बङ्गारा भेटिएको र चुम्बकीय विधिबाट परिक्षण गर्दा एक करोड १० लाख वर्ष अघिको अनुमान गरिएको छ । त्यसैले नेपाल भूखण्डमा जीव उत्पत्ति विकासको २०औं करोड वर्षभन्दा लामो अवधि देखिन्छ ।

ऐतिहासिक पृष्ठभूमि केलाउँदा सोभियत संघका वैज्ञानिक, पुरातात्विक विद्धान सेतेम्कोलेले नेपालका प्रायः सबै ठाउँ घुमेर बर्दियाको दानव तालमा ढुंगाका एकेधारे चर्पि, नवलपरासीमा ढुंगाका घन, छिनो, बन्चरो सबै ढुंगाका हतियार फेला परेको तथ्यांकले देखाएको छ । नेपालका प्रायः जसो क्षेत्रमा ढुंगाबाट बनेका अनेक थरिका हतियार बञ्चरो, ओखल आदि के के छन्, के-के । करिब पाँच लाख वर्ष पुरानो वैज्ञानिक अनुसन्धान तर, अहिले धर्मको नाममा ति ढुंगाका हतियारहरु पुजा गरिन्छ । त्यसैले नेपाल मानव विकासको उत्पत्ति भएको देश भएको कुरा विश्वका वैज्ञानिकहरुले पुष्टि गरिसकेका छन् । केवल हामी नेपालीमा अध्ययन र हामी के हौं भन्ने कमी मात्र हो । माथिका ऐतिहासिक पृष्ठभूमि केलाउँदा हाम्रो देश नेपाल पृथ्वीले उच्चतम स्थान दिएको मानव उत्पत्तिको केन्द्रबिन्दु मात्रै नभएर जीवहरु कै उत्पत्ति भएको विश्वका वैज्ञानिकहरुले खोज गरिरहेका रहेछन् । तर, वर्तमान परिवेशमा हाम्रा राज्य सञ्चालकले गर्दा स्वर्गभूमि नर्क बनाएको रहेछ । ऐतिहासिक पृष्ठभूमि रहेको यो देश आज किन तल परेका छौं ? त्यसको दोष को हो ? अहिले त सानो बच्चाले पनि सूचना प्रविधिको विकासमा राम्रो विसयवस्तु पढ्न पाउँछ । तर, मोबाइलमा मानिसलाई उर्जाशील बनाउने कुनैपनि ज्ञानबद्ध नैतिकतावान चरित्रवान प्रवृद्धि प्रचार हुँदैनन् । तर, अपशब्द हसाउने र मनमष्तिक बिगार्ने सामाजिक सञ्जाल पश्चिमाहरुले फैलाएको सामाजिक सञ्जाल भनौं या समाज विकागर्ने नेटवर्क भनौं यसले नेपाली समाजलाई बिकारेको छ धेरैको घरपरिवार बिगारेको छ ।

आज समाज बिग्रिएको छ । यसलाई 'कन्ट्रोल' गर्न राज्य लाग्न जरुरी छ । जबसम्म राष्ट्र के हो देश के हो ? यो भूमिमा कस्तो व्यवस्था ल्याउँदा नेपाली जनताको चौतर्फी विकास गर्न सकिन्छ भन्नेतर्फ यो देशका राजनीतिक नेतृत्व बौद्धिक वर्ग आम संचार माध्यमले गहन सोचनीय विषय बनाउँदैनन् तबसम्म यसले ठीक अवस्था समात्न सक्दैन । अझ भावि मुलुकलाई अग्रगति दिने युवापिँढीहरुले देशप्रति गम्भिर भएर सोच्न जरुरी छ । ऐतिहासिक पृष्ठभूमि भएको यो देशलाई जोगाउन आजैबाट सबै युवापुस्ताले लाग्नु जरुरी छ । राजनीति नै बिग्रियो भने सबै संरचना ध्वस्त हुन्छ । राजनीतिकलाई सही ढंगले सेवामूलकरूपले हिँड्नुपर्छ अनिमात्रै देशको समृद्धि, सुशासनको अग्रगतिमा देश जान सक्छ । तर, अहिले हाम्रो देशमा राजनीतिलाई व्यापारको रूपमा गइरहेको वर्तमान परिवेशमा यसलाई सच्याउन उपयुक्त छ ।

## सामाजिक सञ्जाल



- सुर्यराज आचार्य

वैदेशिक सहयोग, दाताको 'सफ्ट-पावर'का लागि हैन, मुलुकको 'हार्ड-पूर्वाधार' निर्माणमा उपयोग गरौं । संस्थागत सुधारका लागि दाताको पैसाभन्दा सही नियत/नीतिको जरुरी । भिख मागेर भोज-भतेर लगाउने काम बन्द गरौं । विरतणमुखी र अनुत्पादक खर्च कटाउँ ।



- नवराज पन्त

अहिलेदेखि तीन महिनासम्म नेपालमा सबै ठूला होटलहरु पुरै बुकिङ्ग हुन थालेको खुलासा भएको छ । अब त आर्थिक जागृति आउनै पर्ने हो ! आज काठमाडौंका सडकहरुमा अत्याधिक ट्राफिक जाम थियो । इन्धन पनि सस्तो भयो । चीनबाट दैनिक तीन वटा प्लेन आउन थाल्यो । पर्यटकीय क्षेत्रमा घुइँचो बढी देखिएको छ । पर्यटन जाग्यो !



- रञ्जित तामाङ

बालेन शाहको प्रस्तुति अमर्यादित भएकै हो । तर, सुकुम्बासी र फुटपाथ हटाउन संघीय सरकारले काठमाडौं महानगरलाई असहयोग गरेको पनि सत्य हो । भन्ने बेलामा 'संघ, प्रदेश र स्थानीय सरकार सहकार्य, समन्वय र सहअस्थित्वका आधारमा चल्छ' भन्ने अनि संघले हरिबहादुर शैलीको काइते व्यवहार गर्ने ?



- राधाकृष्ण कटवाल

देशमा सबैभन्दा ठूलो भ्रष्टाचार शिक्षामा छ । शिक्षामा बेथितिका कारण अर्बौं रकम विदेशीने मात्र नभई पारिवारिक विचलनसमेत बढ्दै गएको छ । देश र समाजको लागि पहिलो खुड्किलो रहेको शिक्षामा भ्रष्टाचार रोक्न सके प्रशासननमा हुने भ्रष्टाचारमा समेत कमि आउने छ । शैक्षिक बेरोजगार घट्ने छ ।

## तपाईंको राशिफल


| | | |
|---|---|---|
| मेष | : | नयाँ सम्बन्धमा वृद्धि हुनेछ । अर्काको सहयोग पाइनेछ । |
| वृष | : | आय राम्रो हुनेछ । अनावश्यक कार्य गर्नु हुँदैन । |
| मिथुन | : | वाहन चलाउँदा सावधानी राख्नुपर्छ । नयाँ सम्पर्क बढ्नेछ । |
| कर्कट | : | अनावश्यक डरले सताउँछ । जग्गासम्बन्धी कार्य सफल हुनेछ । |
| सिंह | : | व्यापारिक कार्यमा प्रगति हुनेछ । स्वास्थ्य लाभ हुनेछ । |
| कन्या | : | राजकीय कार्यहरुमा वृद्धि हुनेछ । अचल सम्पत्तिमा वृद्धिको योग छ । |
| तुला | : | शैक्षिक कार्यमा प्रगति र श्रीमतीको राम्रो सहयोग प्राप्त हुनेछ । |
| वृश्चिक | : | अनावश्यक खर्चको योग छ । सन्तुलित भोजन गर्नु राम्रो हुनेछ । |
| धनु | : | रुकावट पछि सफलता प्राप्त हुनेछ । अनावश्यक तनावको योग छ । |
| मकर | : | सामाजिक जीवन प्रभावशाली रहनेछ । लेनदेनमा सावधानी अपनाउनुहोला । |
| कुम्भ | : | राजकीय कार्यमा वृद्धि हुनेछ । मुकद्मासम्बन्धी समस्याको योग छ । |
| मीन | : | पारिवारिक सहयोग राम्रो रहनेछ । कार्य सफल हुनेछन् । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# विकृत नेता कि व्यवस्था ?

विचार



● शम्भू कट्टेल

आज व्यवस्था 'काले काले मिलेर खाउँ भाले' भने जस्तो दलहरुको मिलेमतोले लुट मच्चाउने खालको बनेको छ । ठूला दल र तिनका नेताहरु एकाधिकार वा स्वेच्छाचारी बन्ने अवस्था छ । आज काण्डै काण्डले नेतृत्व तह पुरिएका छन् । तर, त्यस्ता काण्डलाई जोगाउन थुप्रै प्रावधान पनि यही व्यवस्थाअन्तर्गत छन् ।

हुर्कनमा मुहानको पनि दोष हुने भएतापनि कमजोर मुहानलाई विकृत गर्ने वातावरण वा ठाउँ दिने परिपाटीको झन् धेरै भूमिका हुन्छ । पश्चिमका धेरै मुलुकहरुमा चोर ढोकाबाट हुने विकृत कम हुनुमा त्यहाँका व्यक्तिको भन्दा व्यवस्थाको बढी हात छ । परिवर्तनको आकांक्षीले वर्तमान व्यवस्थाको मन्त्री बन्नु भनेको राम्रो व्यक्ति शासक भए यही व्यवस्थामा धेरै सुधार ल्याउन सकिन्छ भन्नु हो । लूट मच्चाउनको लागि मिलेमतो चल्ने अहिलेको परिपाटीमा बिना ठूलो जनतयारी सो मिलेमतोमा नलाग्ने व्यक्ति 'एक्लो बृहस्पटी झूटो' हुने प्रबल सम्भावना हुन्छ र असफल हुन्छ ।

संविधानले दिएका अवसरहरुको उपयोग गर्नुको साथै पूरै प्रणालीकै अन्त्य वा नयाँ प्रणालीको स्थापनाको लागि निरन्तर अघि बढ्नुपर्छ ।रुख ढाल्न र फेरि पलाउन नदिन निरन्तर कप लगाउनु पर्ने र जरैदेखि काट्न पर्ने जस्तै हो ।

देशमा सकारात्मक परिवर्तन गर्ने विभिन्न बाटो वा उपाय हुन्छन् । कतिपय चुनाव र सरकारलाई प्रयोग गर्दा विकृत भइन्छ भन्ने धारणा राख्छन् भने कतिपयले व्यवस्थाभित्रै गएर परिवर्तन ल्याउन सकिन्छ भन्ने धारणा राख्छन् । नेपालको सन्दर्भमा कम्युनिष्ट पार्टीहरु यही विषयले विभाजित छन् । तर, अहिलेको संविधान र व्यवस्थालाई हेर्दा जनताले चाहेजस्तो भइहाल्ने अवस्था भने छैन । हाम्रो व्यवस्था यति विकृत बनाइएको छ कि त्यहाँ गएर शुद्धिकरण गर्न खोज्ने जोकोही पनि सिद्धिने अवस्थामा पुग्छ ।

संविधानमा अधिकार लेखिने विषय बेग्लै रहेछ । नेपालमा पटक-पटक संविधान बने । पञ्चायतकालमा पनि संविधान बनेकै थियो । उक्त संविधानमा वर्गबिहीन समाज र शोषणरहित समाजका कुरा पनि परेका थिए । २०४७ को संविधानलाई पनि निकै उत्कृष्ट भनेर पुकारियो । कतिपयले 'विश्वकै सर्वोकृष्ट संविधान' भनेर उपमा दिए । तर, त्यही संविधानले मुलुकको अर्थतन्त्रलाई नै दलाली स्वरूपमा पुऱ्यायो । गणतन्त्रको स्थापनापछि बनेको २०७२ को संविधानले निकै कुरा सम्बोधन गऱ्यो भनियो तर, सारमा यसले पनि सोही दलाली परिपाटीलाई थप संस्थागत गर्ने मात्रै काम गरेको छ । यो संविधानले राष्ट्रघाती सम्झौताहरुलाई खुलारूपमा पास गर्ने ठाउँ दिन्छ । एमसीसी पास, नागरिक विद्येयक जस्ता केही घटनालाई हेर्दा अवस्था केहो छर्लङ्ग हुन्छ ।

आज व्यवस्था "काले काले मिलेर खाउ भाले" भने जस्तो दलहरुको मिलेमतोले लुट मच्चाउने खालको बनेको छ । ठूला दल र तिनका नेताहरुलाई एकाधिकार वा स्वेच्छाचारी बन्ने अवस्था छ । आज काण्डै काण्डले नेतृत्व तह पुरिएका छन् । तर, त्यस्ता काण्डलाई जोगाउन थुप्रै प्रावधान पनि यही व्यवस्थाअन्तर्गत छन् । आज अल्पमतको व्यवस्था मुलुकमा छ । यो संविधानले अल्पमतलाई बहुमतमाथि शासन गर्ने परिपार्टी मिलाएको छ ।

आज केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्डमाथि निकै प्रश्नहरु छन् । उनीहरुमाथि थुप्रै काण्डका दोष पनि छन् । तर, उनीहरुकै हातमा शासनको नेतृत्व छ । उनीहरुले नै अदालतका न्यायाधिश नियुक्ती गर्दछन् । उनीहरुकै सहमतिमा अख्तियार प्रमुख नियुक्त हुन्छ । अनि उनीहरु सबैभन्दा निष्कलंकीत पात्र बन्छन् ।

समग्रमा हेर्दा, पात्र र प्रणालीमाथि प्रश्नहरु उठ्छन् । कुन ठिक भन्ने बहस पनि चल्लान् । पात्रको दोष कि प्रणालीको भन्ने बहस ईशापूर्व चार सय वर्षअघिदेखि चलिआएको पाइन्छ । पछि प्रणालीको दोष प्रमुख भन्ने मान्यता स्थापित भएपछि व्यवस्था परिवर्तनका आन्दोलनहरु चले । नत्र व्यक्ति फेर्ने अभियान नै पर्याप्त हुन्थ्यो । भूमिका पात्र र प्रणाली दुबैको हुने भए पनि प्रधान भूमिका प्रणालीकै हुन्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# चिनियाँ सेना ताइवानलाई घेराबन्दी गर्ने अभ्यास गर्दै

**काठमाडौं/एजेन्सी–** चिनियाँ सेनाले ताइवानलाई घेरा हाल्ने अभ्यास शुरु गरेको छ । चीनको यो तीन दिने सैन्य अभ्यास ताइवानका राष्ट्रपति साई इङ-वेन अमेरिका भ्रमणबाट फर्केको केही घण्टापछि शुरु भएको हो । त्यसैले चीनले यो अभियानलाई ताइवान सरकारका लागि ‘कडा चेतावनी’ भनेको छ ।

ताइवानका रक्षामन्त्रीले चिनियाँ सेनाका ४२ विमान र ८ जहाजले ‘ताइवान स्ट्रेट मेडियन लाइन’ पार गरेको जानकारी दिएका छन् । समुद्रको बीचमा बनेको यो गैर-आधिकारिक लाइनले ताइवानलाई चीनबाट अलग गर्छ । चीनको सरकारी मिडियाका अनुसार यो सैन्य अभ्यास ताइवानको टापु वरिपरि हुनेछ । ताइवान वरिपरि चीनको तीन दिने सैन्य अभियानलाई ‘युनाइटेड शार्प स्वर्ड’ भनिएको छ । यो अभियान सोमबारसम्म चल्ने पिपुल्स लिबरेसन आर्मी (पीएलए)को पूर्वी थिएटर कमाण्डले जनाएको छ ।



यस अभ्यासमा चिनियाँ सेनाले लामो दुरीका रकेट, नौसेना विध्वंसक, मिसाइल डुंगा, वायुसेनाका लडाकु, बमवर्षक, ज्यामर र इन्धन भर्ने सवारी साधनहरू तैनाथ गरेको छ ।

ताइवानले आफूलाई सार्वभौमसत्ता सम्पन्न देश ठान्दछ । यद्यपि चीनले ताइवान आफ्नो हिस्सा भएको दाबी गर्दै आएको छ । चिनियाँ राष्ट्रपति सी जिनपिङले ताइवानसँगको ‘पुनः एकीकरण’ पूरा गर्नुपर्ने बताएका छन् ।

चीनले प्रायः ताइवानको वरिपरि यस्तो खालको सैन्य अभ्यास गर्ने गर्छ । तर यसपटक ताइवानकी राष्ट्रपतिले बुधवार अमेरिकी तल्लो सदनमा सभामुखसँग भेटेपछि त्यसको प्रतिक्रियास्वरुप अहिलेको सैन्य अभ्यास गरेको ठानिएको छ ।

ताइवानी राष्ट्रपति शनिबार उनको सरकारले अमेरिका र अन्य लोकतान्त्रिक राष्ट्रहरूसँग काम गरिरहने बताएकी छन् । उक्त टापुले चीनबाट निरन्तर अधिनायकवादी विस्तारवादको सामना गरिरहेको उनको भनाइ छ ।

## ईयुद्वारा इजरायलमा भएको आक्रमणको निन्दा

**काठमाडौं/एजेन्सी–** युरोपेली संघले शनिबार इजरायलमा भएको घातक हमला र लेबनानबाट प्रहार गरिएको रकेट ब्यारेजको निन्दा गरेको छ । संघले सबै पक्षलाई संयमता अपनाउनका लागि आह्वानसमेत गरेको छ ।

‘ईयुले यस किसिमका हिंसापूर्ण गतिविधिको पूर्णनिन्दा गर्दछ । हिंसा बन्द हुनुपर्छ,’ ब्लाकका विदेश नीति प्रमुख जोसेप बोरेलले इजरायलमा शुक्रबारको आक्रमणपछि विज्ञप्ति जारी गर्दै उल्लेख गरेका छन् ।

कब्जा गरिएको वेस्ट बैंकमा गोली हानाहानमा १६ र २० वर्षका दुई बेलायती-इजरायली दिदीबहिनीको मृत्यु भएको र आमा गम्भीर घाइते भएकी छिन् भने तेल अवीभमा साइकल चलाउने बाटोमा हिँडिरहेका मानिसलाई कारले ठक्कर दिँदा एकजना इटालियन पर्यटकको मृत्यु भएको छ भने अन्य सात जना घाइते भएका छन् । बोरेलले गाजा पट्टी र लेबनानबाट भएको रकेट फायरको पनि निन्दा गरेका छन् ।

यसैगरी जेरुसेलमको अल-अक्सा मस्जिदभित्र बुधबार इजरायली प्रहरी र प्यालेस्टिनीबीच झडप भएको हुँदा इजरायलले गाजा र लेबनान दुबैमा प्यालेस्टाइनी लडाकुले रकेट फायर गरेपछि इजरायलले बमबारी गरेपछि हिंसा बढेको बताएको छ ।

बोरेलले सम्बन्धित सबै पक्षलाई अधिकतम संयम अपनाउन आग्रह गर्दै तनाव कम गर्न र जारी धार्मिक विवाद शान्त पार्न पनि आग्रह गरेका छन् ।

## युक्रेनी उपविदेशमन्त्री वार्ताका लागि भारत जाँदै

**काठमाडौं/एजेन्सी–** युक्रेनका प्रथम उपविदेशमन्त्री एमिने झापरोभा आइतबार भारतको भ्रमणमा जाने भएका छन् । रुसले युक्रेनमाथि आक्रमण गरेपछि भारतको भ्रमण गर्ने उनी पहिलो युक्रेनी मन्त्री हुन् ।

रुसबाट तेलका साथै सैन्य उपकरण आयात गर्दै आएको भारत मस्कोमाथिको निर्भरताबाट उम्कन सकेको छैन भने पश्चिमा मुलुकहरूबाट एक्लिएको रुससँगको सम्बन्ध सन्तुलन नयाँदिल्लीका निम्ति चुनौतीपूर्ण बनेको छ । मस्कोसँगको लामो समयदेखिको सुरक्षा सम्बन्धले नयाँदिल्लीलाई जटिल कूटनीतक स्थितिमा पुऱ्याएको छ । भारतले युक्रेन र रुसबीचको वैमनस्यातापूर्ण सम्बन्धको अन्त्य हुनुपर्नेमा जोड दिए पनि रुसी आक्रमणको आजसम्म निन्दा गरेको छैन ।

दिल्लीमा रहँदा उपविदेशमन्त्री झापरोभाले विदेश मन्त्रालयका वरिष्ठ अधिकारीसँग युक्रेनको वर्तमान अवस्थाका बारेमा विचार आदानप्रदान गर्ने भारतको बाह्य मामिला मन्त्रालयले आज जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।


**पर्सा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्सा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**भूलसुधार**

यस गाउँपालिकाको मिति २०७९/१२/२४ प्रकाशित सूचनाको १२ नम्बर बुँदामा **आवेदन दिने अन्तिम मिति** : २०८०/०१/०८ गते सम्म, **सम्पर्क मिति**: २०८०/०१/०८ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको सम्बन्धित सम्पूर्णमा जानकारी गराइन्छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति: २०७९/१२/२६ गते)

सुकु खड्गीको नाति, लाल बहादुर खड्गीको छोरा काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं २७, बस्ने हेरा बहादुर खड्गीको मिति २०७९/०८/२० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं. ००१०००२६६८५००००१ र मुद्दती खाता नं. ००१०००२६६८५०००००७ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको नाति उमेश खड्गीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय पुतलीसडक वा प्रधान कार्यालय टंगाल, काठमाण्डौमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय पुतलिसडक, काठमाण्डौ टेलिफोन नं. ०१-५३३२११२/१३**



**मलेसियामा रोजगार**

कम्पनी : PNE MICRON ENGINEERING SDN.BHD.
शहर : Johor

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ | चलानी नं.: ६०१९९७१८ | L.T. No.: 284134

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 0 | 20 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३ गते (16 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्नु विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**RHYTHM OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com



**ZERO COST RECRUITMENT IN MALAYSIA!!**
**मलेशियामा शुन्य लागतको रोजगार !!**

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

(Company Name) : EVERLAST ACCESS TECHNOLOGIES SDN.BHD. — Malaysia, Selangor
रोजगारदाता कम्पनी : एभरलास्ट एसेस टेक्नोलोजिज एसडिएन. बिएचडी. — मलेशिया, सेलाङ्गोर

| पूर्व स्वीकृत मितिः २०७९/१२/२२ | चलानी नं.: ६०१९९७२६ | एल टी नं.: २८४०३७ |
|---|---|---|
| Pre Approval Date: 2023/04/05 | Consignment No.: 60199726 | L.T. No.: 284037 |

| सि. नं S.N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुविधा | Accomodation Facility बस्ने सुविध | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 ३० | 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1500 १५०० | 44,580 ४४,५८० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले व्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले व्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने |

**Everlast Access Technologies Sdn.Bhd. doesn't impose any Recruitment/Placement Fee for this employment.**
**एभरलास्ट एसेस टेक्नोलोजिज एसडिएन. बिएचडी. ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।**

Maven Recruitment Services Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.कुनै पनि एजेन्ट, सब-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पत्रियमा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

**Note (नोट):**
- आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
- प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
- Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre interview will be conducted daily basis in our office Premises.**
**प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा चलिरहेको छ ।**
**Final Interview will be conducted on 16 April 2023 in Kathmandu.**
**फाइनल अन्तर्वार्ता मिति २०८० बैशाख ३ गते गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Maven Recruitment Services Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि. ले “शून्य लागत” र “नैतिक स्रोत र भर्ती” को कानुनी सिदान्तलाई पालना गरी पार दर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल mavenrs2017@gmail.com मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at **mavenrs2017@gmail.com**, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको : **Baby Star International Pvt. Ltd.**
Gov. Lic No. 1081/073/074
Sinamangol-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613 & 4594173, Fax: 4594173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np



**मलेसियामा रोजगार |**

कम्पनी: SHAN POORNAM GREEN TECH SDN BHD
शहर: Perai

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ | चलानी नं.: ६०१९९६७३ | L.T. No.: 284162

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 5 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३ गते (16 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**A.N.S. ASSOCIATES PVT. LTD.**
**ए.एन.एस.एशोशिएट्स प्रा. लि.**
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179/9812735209 E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np



**MALAYSIA मा रोजगार |**

कम्पनी: AFTERMEAL CAFE SDN BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ | चलानी नं.: ६०१९६५९ | LT. No.:284171

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Crew | 40 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: AH MO HO LIAO (MELAKA) SDN BHD — शहर: MELAKA

पूर्व स्वीकृत मितिः २०७९/०४/२० | चलानी नं.: ६०१८४७०६ | LT. No.: 268686 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 5 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३ गते (16 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Blue Ocean Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. ११६३/०७३/०७४
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com



**मलेसियामा रोजगार |**

कम्पनी : EASYWAY SOLUTIONS (M) SDN BHD
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ | चलानी नं.: ६०१९९६८५ | L.T. No.: 284271

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 71 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : RED CHANNEL SECURITY SDN BHD — शहर : KUALALUMPUR

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ | चलानी नं.: ६०१९९६८३ | L.T. No.: 284143

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 8 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३ गते (16 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रसुवा ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ११३०/०७३/०७४
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com,
Web.: www.rasuwaoverseas.com



**साउदीमा रोजगार |**

कम्पनी : VARIETIES OF FLAVORS FOOD SERVICE EST.
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७९/१२/२३ | चलानी नं.: ६०१९९७३४ | L.T. No.: 284205

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 4 | 0 | स. काममा दक्ष | 1400 | ४८,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनी : BAREZ JANOUB OPERATION & MAINTENANCE COMPANY — शहर : Buraidah

पूर्व स्वीकृत मितिः २०७९/१२/२३ | चलानी नं.: ६०१९९७३५ | L.T. No.: 284204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

३. कम्पनी :BAKERY WHEAT GRAINS FOR BREAD. — शहर :Riyadh

पूर्व स्वीकृत मितिः २०७९/१२/२३ | चलानी नं.: ६०१९९७३३ | L.T. No.: 284206

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Kitchen Labour | 1 | 0 | | 1000 | ३४,८५० | | | | | | |

४. कम्पनी :BAREZ JANOUB OPERATION & MAINTENANCE COMPANY — शहर :BURAIDAH

पूर्व स्वीकृत मितिः २०७९/१२/२३ | चलानी नं.: ६०१९९७३६ | L.T. No.: 284203

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

५. कम्पनी :FOUR BY FOUR CAR MAINTENANCE WORKSHOP — शहर :Riyadh

पूर्व स्वीकृत मितिः २०७९/१२/२३ | चलानी नं.: ६०१९९७३८ | L.T. No.: 284201

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

६. कम्पनी :VOGA CAR WASH SERICES — शहर :Riyadh

पूर्व स्वीकृत मितिः २०७९/१२/२३ | चलानी नं.: ६०१९९७३७ | L.T. No.: 284202

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Vehicle Washing Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३ गते (16 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२६ चैत २०७९, आइतबार
9 April 2023, Sunday

# बक्स अफिस समाचार

## ‘आफ्नो पहिचानकै सिर्जना जन्माउनुपर्छ’



अछामको पञ्चदेवल नगरपालिका मोरेलीमा जन्मिएका **जनक रावल**ले पत्रकारिता तथा आमसञ्चारमा स्नातक र राजनीतिशास्त्र एवम् इतिहासमा स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । अछाम, बर्दिया हुँदै हाल काठमाडौंलाई कर्मथलो बनाएर आफ्ना क्रियशन स्रोता/दर्शकमाझ पस्किरहेका रावलको सानैदेखि नाच्ने, गाउने र लेखनमा विशेष रुची थियो । वि.सं. २०४६ सालको आन्दोलनताका उनले लेखेको गीत “देश बनाउँछु भन्नेहरूको कुरा मात्र भयो, जनता हे-यो भोकभोकै देश नाङ्गै भयो” आन्दोलनकारीहरूले गाउँदै हिँडेको गीत बनेको थियो । रेडियो नेपालबाट २०४९ सालमा “कोखको पीडा” नाटक प्रसारण भएपछि घरपरिवारको चाहना विपरीत भएपनि लेख्ने सोच उनको बलियो हुँदै गयो । विद्यालयमा हुने गरेका कविता प्रतियोगितामा उनका कविताहरूले सधैं पहिलो, दोस्रो स्थान पाउन थाले । वक्तृत्वकलामा पनि उनी अब्बल नै थिए । एसएलसीपछि उच्च शिक्षा अध्ययनका लागि काठमाडौं आएका उनीभित्र रहेको सिर्जनशील मनले थप झांगिने मौका पायो र जन्मिए थुप्रै सिर्जना । सयभन्दा बढी गीत सिर्जना गरिसकेका उनको पछिल्लो कृति कथा संग्रह “खाटा बसेको घाउ” पाठकमाझ आएको छ । सञ्चारकर्मीका रूपमा पनि लामो समय काम गरेका स्रष्टा जनक रावलसँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**साहित्यतर्फ यहाँको लगाव पहिलादेखि नै हो, साहित्य विधामा कथा लेखनतर्फ नै लगाव हुनुको कारण ?**

गीतगजल र कविताका लागि समय र गहिरो सोच चाहिँदैन मलाई । हिँड्दै गर्दा कुनै विषयवस्तु भेटे वा देखे स्वतः प्रष्फुटन हुने गर्छन् । प्रस्तुतिका माध्यम सहज र सजिलो भएकाले पनि गीतहरु स्रोतादर्शकका लागि पस्कँदै आएको छु । भर्खरै मात्र कथासंग्रह ‘खाटा बसेको घाउ’ पाठकहरुको जिम्मा लगाएको छु । रुचीको विषय नै लेखन हो मेरो । रचना र लेखनका प्रायः सबै विधामा मेरो आकर्षण छ ।

**यहाँको पहिलो कथा कृति ‘खाटा बसेको घाउ’ हालै पाठकमाझ ल्याउनुभएको छ, पुस्तक पाठकले कत्तिको मन पराएको पाउनुभयो ?**

साहित्यमा मेरो रुची सानैदेखिको हो । तर पारिवारिक वातावरण गीतसंगीत र लेखनभन्दा पनि शिक्षामा प्राथमिकता दिने खालको थियो । पहिले अध्ययन र त्यसपछि मात्र अन्य काम । तर मेरो लेखनलाई मैले निरन्तरता दिइरहें । पढाइको समयबाट केही थोरै समय निकालेर मुक्तक, गीतगजल, हाइकु लेखेर त्योबेला निस्कने हवाइ पत्रिकाहरुमा पठाउने गर्थें । त्यो समयका चलेका चर्चित हवाइ पत्रिकाहरुमा मेरा सिर्जनाले राम्रै ठाउँ ओगट्थे । गाउँघरमा नाटकहरु मञ्चन हुन्थे र बीचबीचमा प्रहसनहरु प्रस्तुत गरिन्थे, ति नाटक र प्रहसनहरु लेख्ने काम पनि भ्याउँथें । गीतगजल, कथा, लघुकथा, नाटक, उपन्यासलगायत विष्लेशणात्मक लेखहरु मेरो रुचीका विषय हुन् । यसरी भन्नुपर्दा र बुझाउनु पर्दा साहित्यका सबै विधा मेरा आत्मा हुन् ।

**कसरी जन्मियो ‘खाटा बसेको घाउ’ ?**

भर्खरैमात्र, दुई साताजति भयो कथासंग्रह ‘खाटा बसेको घाउ’ लोकार्पण भएर पाठकमाझ आएको छ । अधिराज्यभर पुगिसकेको छैन, अर्डर गरेर मगाउने केही प्रिय पाठक र शुभचिन्तकहरुलाई कुरियरमार्फत पठाउँदैछु । काठमाडौंको भोटाहिटी, कोटेश्वर, बानेश्वरका केही पुस्तक पसलहरुमा उपलब्ध गराएको छु । अरु ठाउँका पुस्तक पसलहरुमा चाँडै नै पुग्दैछ । करिब ३/४ सय पाठकहरुको हातमा पुगेकोमा सकारात्मक प्रतिक्रियाहरु प्राप्त भएका छन् ।

**‘खाटा बसेको घाउ’ नै यस कृतिको नामाकरण हुनुको पछाडि केही छ ?**

खाटा बसेको घाउ कृतिको रुपमा कुनै योजना बिना नै जन्मन पुगेको हो । आगामी नयाँ वर्षको दिन उपन्यास प्रकाशनको सोचमा थिएँ । कम्प्युटरमा गुम्सेर बसेका थुप्रै कथाहरुमध्ये केहीले पाठकहरुको मन र मश्तिष्कसम्म पुग्ने सौभाग्य पाए र एउटा स्वरुप तयार भयो ।

**‘खाटा बसेको घाउ’ कथा संग्रह लेख्न कति समय लाग्यो ?**

जीवन हरेक कुराको समिश्रण हो । दुःखमा पनि दुःखको अनुभुति हुन्छ भने सुखभित्र पनि दुःखको अनुभुति हुन्छ । जुनसुकै विषयवस्तु पारिवारिक, सामाजिक, आर्थिक र सामाजिक सबैले जीवनमा स्थान ओगटेका हुन्छन् । यीनै विषयवस्तुबाट हाम्रो जीवन, गाउँ ठाउँ, समाज, राष्ट्र प्रभावित छन् । खाटा बसेको घाउ मेरो कथासंग्रहको शीर्ष कथा शीर्षक हो । कथासंग्रहमा उन्नाइस कथाहरुलाई समेटेको छु । जीवन रुवाईबाटै शुरु हुन्छ र रुवाईबाटै अन्त्य हुन्छ । सफल र असफल, दानी र गरिब, शक्त र अशक्त, सवल र दुर्वल सबैका भोगाइ उस्तै उस्तै हुन् तर हेराइ र सोचाइ मात्र फरक हो । जति नै खुसी, सुखी र सम्पन्न छु भन्ने मानिसका पनि भित्रभित्र दुःखका अनगिन्ती कथाहरु छन् । भोगाइको क्रममा भेटिएका थुप्रै पात्रहरुका यस्तै कथाहरुको यथार्थता समेटिएको हुँदा नै खाटा बसेको घाउ रहन गएको हो ।

**यस कथा संग्रह लेख्ने बेलामा लक्षित पाठक को-को हुन् भन्ने सोच्नुभएको थियो ?**

खाटा बसेको घाउमा विभिन्न कालखण्डका भोगाइका कथाहरु समेटेको छु । पुस्तक नै बनाउँछु भनेर घोरिएर बनेको वा लेखेको कृति होइन । समय समयमा म र मेरो जीवनमा मैले देखेका यथार्थ भोगाइहरुलाई सहज र सरल भाषामा जो कोहीले पढ्न सक्ने हेतुले कथाको रुप दिएको छु । ०४६ को पहिलो राजनीतिक जनआन्दोलन अघिदेखि २०७९ सम्मका घटना, भोगाइले स्थान पाएका छन् ।

**यो कथा संग्रह कुन उमेर समूहका पाठकका लागि हो जस्तो लाग्छ ?**

२०४५ देखि २०७९ सम्मको समयावधिलाई समेट्ने क्रममा समाजभित्र चलेका पारिवारिक, आर्थिक, सामाजिक र राजनीतिक द्वन्द्वले आमजीवनमा पारेका सकारात्मक र नकारात्मक प्रभावहरुलाई कथाका पात्रहरुको भोगाइको रुपमा प्रस्तुत गरेको छु । देशमा प्रजातन्त्र अघिको सामाजिक परिवेश र त्यसपछिका बहुदल, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रसम्म आइपुग्दाका सामाजिक पात्रका भोगाइ, दश वर्षे जनयुद्धका वास्तविक तस्विरहरु प्रस्तुत गरेको छु ।

**पाठकलाई के भन्न चाहनुहुन्छ ?**

शान्त, द्वन्द्व, प्रेमिल विषयवस्तुका सामाजिक, राजनीतिक, आर्थिक, भौतिक, नैतिकलगायत थुप्रै भोगाइहरुलाई सीमित पात्रहरुका माध्ययमबाट पस्किएको हुनाले यस कृति खाटा बसेका घाउका पाठक समूह किशोर किशोरी, युवायुवती, वयस्क र वृद्ध सबै हुन् । स्कुले विद्यार्थी र शिक्षक शिक्षिकाहरु, कलेज र विश्वविद्यालयका छात्रछात्रा र प्राध्यापकहरु, विभिन्न पेसाका वर्ग र समुदायका व्यक्तिहरु, गृहणी, बेरोजगार युवायुवतीहरु, राजनीतिमा गोलबद्ध कार्यकर्ता र नेताहरु सबै जो जसको हातमा खाटा बसेको घाउ पुग्नेछ, पढ्ने पाठकले कहीँ न कहीँ आफूलाई अवश्य पाउनेछन् । त्यहाँ आफ्नो भोगाइ पाउनेछन् । पुस्तक, पत्रपत्रिकाहरु किनेर पढिदिने बानी बसालीदिनुहोस् । मैले मेरो कृति तपाईंहरुको हो भनेर सुम्पेको छु । एकचोटी सबैले किनेर पढिदिनुहोला । मेरा कमी कमजोरीहरु औंल्याइदिनुहोला । तपाईंहरुका सल्लाह र सुझवलाई आत्मसाथ गर्नेछु र अर्को संस्करण प्रस्तुत गर्दा तिनलाई मनन् गरेर अघि बढ्नेछु । साथै तपाईंहरुका ति अमुल्य सुझावहरुलाई कृतिमा स्थान दिनेछु ।

**साहित्यमा यहाँलाई रुचीको विषय के हो ?**

साहित्यमा मेरो रुचीको विषय के भन्नु भन्दा पनि मेरो रुची नै साहित्य हो । कलम चलाउन पाउँदा अलौकिक आनन्द र शान्ति प्राप्त हुन्छ ।

**यहाँ आफू चाहिँ कस्ता पुस्तक पढ्न रुचाउनुहुन्छ ?**

सबै खालका पुस्तकहरु पढ्ने गरेको छु । ऐतिहासिक, साहित्यिक (कथा, कविता, उपन्यास, गीतगजल, निबन्ध), अनुसन्धान र अन्वेषणसम्बन्धी, शास्त्रसम्बन्धी सबैमा चाख लाग्छ । मानिसका वायोग्राफी भनिने जीवनीका पुस्तकहरुमा चाहिँ खासै रुची छैन, किनकि त्यो लेख्ने धेरै व्यक्तिले धेरै कुरा झुटो मात्र लेखेको पाएको छु ।

**पछिल्लो समय कुन पुस्तक पढ्नुभयो ?**

वरिष्ठ पत्रकार तथा साहित्यकार समादर्णिय दाजु पुरुषोत्तम दाहालको कविता संग्रह ‘काला बादलमा उज्याला पाइला’ र सिक्किमका अग्रज साहित्यकार दाजु प्रधुम्न श्रेष्ठको हस्तलिखित कविता संग्रह ‘मानव समाजको वस्तीमा’ पढें । साह्रै आनन्दित भएँ ।

**के कहिल्यै कुनै किताव चोर्नु भएको छ ?**

अहँ ! छैन । पढ्न मन लागेर पाउन सकिने साथीहरुले दिएका एकाध पुस्तकबाहेक अधिकांश किनेर नै पढेको छु ।

**पढ्नका लागि पुस्तकको छनोट कसरी गर्नुहुन्छ ?**

पुस्तकको विधा र सर्जक हेर्छु पहिले, त्यसपछि आवरण र विषयसुची हेर्छु । कहिले काहीं मनले पढौं न त भनेको पुस्तक जस्तो नै भए पनि किनेर एकचोटी पढ्ने गर्छु ।

**कुनै पुस्तकले सोच नै परिवर्तन गरिदिएको छ ?**

मैले लेखनको प्रेरणा कुनै पुस्तक पढेर भने लिएको छैन । पुस्तक पढेर नै यस्तो लेख्न पाए हुन्थ्यो भन्ने लागेको छैन । सायद कुनै पुस्तकबाट प्रभावित भएर कलम चलाउँदा आफ्नोपन आउन सक्दैन । जे जस्तो भएपनि आफ्नो पहिचानकै सिर्जना जन्माउनु र हुर्काउनु नै उत्तम हो जस्तो लाग्छ ।

**यौनलाई प्राथमिकतामा राखेर प्रकाशित भएका पुस्तकहरू पढ्नुभएको छ ?**

थोरै संख्यामा पढेको छु । यौनलाई नकारात्मक शैलीमा मात्र प्रस्तुत नगरी सकारात्मक किसिमले पनि त सहज ढंगमा पस्किन सकिन्छ भन्ने सोच्दछु । पाठकहरुको आकर्षण नै बढाउनलाई मात्र यौनलाई साहित्यमा प्रयोग गरिनु एकदम गलत हो भन्ने मलाई लाग्छ । यो मेरो नितान्त आफ्नो विचार हो ।

**पुस्तकसँग जोडिएका कुनै रोचक सन्दर्भ ?**

पुस्तकसँग जोडिएका थुप्रै प्रसङ्गहरु छन् । ती प्रसङ्ग पनि सुनाउँदै जादाँ पक्कै पनि कुनै कथा नै बन्नेछन् । कुनै दिन लेखेर नै पस्किउँला कि ?

**अन्त्यमा, यहाँको हालै पाठकमाझ आएको कथा संग्रहले दिन खोजेको वास्तविक सन्देश के हो ?**

खाटा बसेको घाउ परिवार र समाजभित्रकै घुमिरहने परिवेश हो । यसले घर घरका कथा समेटेको छ, परिवार र परिवारका हरेक सदस्यको कथा समेटेको छ । द्वन्द्व र शान्तिका विविध पाटोलाई उजागर गरेको छ । गाउँ समाजभित्रकै रितिरिवाज, जातीयता, धर्म संस्कृति, पहिचानका कथा बोकेको छ । यथास्थिति र परिवर्तनमा हिँड्न र जीउन सिकाउने उत्प्रेरणाका कथा समेटेको छ । पारिवारिक, सामाजिक, आर्थिक, राजनीतिक यथार्थ चित्रणका चरित्रहरुका माध्यमबाट कथाले सबैलाई एकबद्ध गरेर राखिरहने कोसिस गरेको छु ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१२/२६**

**बादशाह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**को सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जियोटेक स्पेस एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं.: २८८९७५)** कायम गर्ने गरी मिति २०७९/१२/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
मलंगवा शाखा, मलंगवा नगरपालिका, सर्लाही
सम्पर्क फोनः ०७७-०४६-५२१४४१/४२

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री समतुल मियाँको नाति, अवरुला मियाँको छोरा, मधेश प्रदेश सर्लाही जिल्ला, धनकौल गाउँपालिका वडा नं. ०३ बस्ने ६१ वर्षको श्री मोहरम मियाँको मिति २०७९/०९/२८ (ई.सं.१२/०१/२०२३) मा मृत्यु भएकोले स्व. मोहरम मियाँको छोरा हाल धनकौल-०३ बस्ने श्री तसिर मियाँले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मलंगवा शाखा, मलंगवा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



### साउदीमा रोजगार | १. कम्पनीः EMDAD HUMAN RESOURCES COMPANY
शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ | चलानी नं.: ६०१९९७०५ | LT. No.:284367

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Common Labour | 44 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बेशाख ३ गते (16 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Miracle Employment Service (P.) Ltd**
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239
Email: miraclems@wlink.com.np
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५



### Sainamaina Municipality
**Office of Municipal Executive**
*Buddhanagar, Rupandehi*

### Invitation for Bids

**Date of publication: 2079-12-26**

1. Sainamaina Municipality has received a grant from GoN towards the cost of following bids and intends to apply part of the funds to cover eligible payments under the Contract for NCB/13/079-80. Bidding is open to all eligible Nepalese Bidders.
2. Sainamaina Municipality invites electronic bids from eligible bidders for the construction of **Construction of Cold Storehouse including Chiller Refrigeration Machines, Humidifiers and Other Electro-Mechanical Utilities** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 3,00,00,000.***
   - Minimum Work experience of similar size and nature: **number of project is One (1) Cold Store Contract Works and value of each project is *NRs 70,71,000.***
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of ***Rs.5000*** in account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha**
   **Name of Office: Sainamaina Municipality Office**
   **Office Account no.: Internal Revenue Account**
   **A/C No. 0414201659915011**
5. Pre-bid meeting shall be held at Sainamaina Municipality Office at 1:00 pm on 2080-01-15.
6. Electronic bids must be submitted to the office Sainamaina Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on ***2080-01-26***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on ***2080-01-26*** at the office of Sainamaina Municipality. Bids must be valid for a period of ***90*** days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to a minimum of ***Rs.5,25,000*** which shall be valid for 30 days beyond the validity period of the bid .
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Office of Sainamaina Municipality, Buddhanagar, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.
10. If any provision of bid document is inconsistent with Public Procurement Act (PPA), 2063 and Public Procurement Regulations (PPR), 2064, the provision of bid document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

| Contract ID | Descriptions of Works | Bid Security (NRs) | Bid Document Fee (NRs) | Min. Avg. Annual Turnover (NRs) | Min. Specific Experience of Const. work of similar nature & complexity (NRs) | Key activities production rates |
|---|---|---|---|---|---|---|
| NCB/13/079 -80 | Construction of Cold Storehouse including Chiller Refrigeration Machines, Humidifiers and Other Electro-Mechanical Utilities | 5,25,000 | 5000 | 3,00,00,000 | 70,71,000 | Prefabricated PUF panels (50mm thickness or more) :569 Sqm/year |

**Chief Administrative Officer**



### गोलबजार नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**गोलबजार, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### गैर सरकारी संस्था छनौटको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२६**

गोलबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, गोलबजार, सिरहालाई स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, झोलुङ्गे पुल सब सेक्टर कार्यक्रम २०६४ तथा झोलुङ्गे पुल रणनीति २०६२ को अनुसूची (ग) बमोजिम गैर सरकारी संस्था छनौट गर्नुपर्ने भएकोले मिति २०८०/०१/०४ गते कार्यालय समयभित्र यस नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न सम्बन्धित क्षेत्रमा कार्य गर्दै आएका गैर सरकारी संस्थाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बागमती र एपीएफ च्याम्पियन



**काठमाडौं/मस–** बागमती प्रदेश र नेपाल एपीएफ क्लब वीर गणेशमान सिंह राष्ट्रिय बक्सिङ प्रतियोगितामा शनिबार टिम च्याम्पियन बनेका छन् । बागमती पुरुष तथा एपीएफ महिलामा च्याम्पियन बनेका हुन् ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रको हलमा भएको प्रतियोगितामा बागमती १ स्वर्ण, ३ रजत र २ कास्यसहित टिम च्याम्पियन बन्यो । ६ स्पर्धा समावेश पुरुषतर्फ एपीएफ, कोशी प्रदेश, सुदूरपश्चिम प्रदेश, नेपाल प्रहरी र लुम्बिनीले पनि समान १-१ स्वर्ण जिते । बागमती रजतका आधारमा पहिलो भएको हो । एपीएफले स्वर्ण बाहेक २ रजत र १ कांस्य जितेको थियो । महिलामा पनि ६ वटै स्पर्धामा भिडन्त भएकोमा एपीएफले ३ स्वर्ण, १ रजत र १ कांस्य जित्दै टिम च्याम्पियनको ट्रफी चुम्यो । बागमतीले २ स्वर्ण तथा प्रहरीले १ स्वर्ण हात पारे ।

वीर गणेशमान सिंह फाउन्डेसनअन्तर्गत वीर गणेशमान सिंह खेलकुद समितिद्वारा आयोजित प्रतियोगिताको पुरुषमा रविन थापा उत्कृष्ट खेलाडी घोषित भए । महिलामा आइबा विश्व बक्सिङ च्याम्पियनसिपमा दुई ‘बाउट’ जितेर नेपाली बक्सिङमा इतिहास रचेकी अन्जनी तेली उत्कृष्ट खेलाडी चुनिइन् । बागमतीकाद्वयले उत्कृष्ट भएवापत समान २५-२५ हजार नगद पुरस्कार पाए । रविन र अन्जनी आ-आफ्नो स्पर्धाका स्वर्ण विजेता हुन् ।

प्रतियोगिताको अन्तिम दिन १२ वटै स्वर्णको छिनोफानो भएकोमा पुरुष ५१ केजी तौलसमूह फाइनलमा रविन थापाले फाइनलमा एपीएफका आश तामाङलाई पराजित गरे । ५७ केजीमा कोशीका सुरेन्द्र राई पहिलो भए । उनले फाइनलमा बागमतीका शुलभ मालीलाई हराए । ६३.५ केजीमा साग स्वर्णधारी प्रहरीका भूपेन्द्र थापा पहिलो भए । उनले फाइनलमा एपीएफका सोनाम सार्कीलाई पाखा लगाए । ७१ केजी फाइनलमा सुदूरपश्चिमका भरत चन्दले कोशीका प्रशान्त दाहालमाथि जित रच्दै शीर्ष स्थानमा रहे । ८० केजीमा लुम्बिनीका हेमराज रावलले बाजी मारे । उनले फाइनलमा बागमतीका मनोज तामाङको चुनौती पन्छाए । ९२ केजी फाइनलमा एपीएफका रविन नेपालले बागमतीका उमङ महर्जनलाई हराउदै स्वर्ण चुमे ।

महिला ५० केजीमा एएसबीसी यु-२२ बक्सिङ च्याम्पियनसिपमा रजत जित्दै इतिहास कायम गरेकी बागमतीकी सुष्मा तामाङ पहिलो भइन् । सुष्माले फाइनलमा मधेश प्रदेशकी अस्मिता दुवाललाई निराश पारिन् । ५४ केजीमा बागमतीकी एन्जनी तेलीले फाइनलमा एपीएफकी सन्जुमाया थिङलाई पराजित गर्दै पहिलो बनिन् । ५७ केजीमा प्रहरीकी निशा तामाङले स्वर्ण जित्न बागमतीकी पेमा शेर्पालाई पाखा लगाइन् । ६० केजीमा एपीएफकी संगिता सुनुवारले पहिलो स्थान कब्जा गरिन् । संगिताले फाइनलमा बागमतीकी हेमा राईलाई पाखा लगाइन् ।

महिला ६६ केजीमा एपीएफकी विनिता थापा मगर तथा ७५ केजीमा एपीएफकी सरस्वती राना मगरले पहिलो स्थान हात पारे । विनिताले बागमतीकी निश्मा गुरुङ तथा सरस्वतीले कोशीकी त्रिशा जबेगुलाई फाइनलमा पन्छाए । प्रत्येक स्पर्धामा शीर्ष तीन स्थान हात पार्ने खेलाडीले क्रमशः २५ हजार, १५ हजार र ७.५-७.५ हजार नगद पुरस्कार प्राप्त गरे ।

विजेतालाई पूर्व उपप्रधानमन्त्री प्रकाशमान सिंह, आयोजक गणेशमान सिंह स्पोर्ट्स समितिका संयोजक सन्जिव तुलाधर, नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले, नेपाल बक्सिङ संघका पूर्व अध्यक्ष राजीव श्रेष्ठ, काठमाडौं जिल्ला खेलकुद विकास समितिका अध्यक्ष गणेशलाल कक्षपति, राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघका महासचिव कुमार बस्नेतलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । नेपाल बक्सिङ संघको प्राविधिक सहयोगमा भएको पाँचदिने प्रतियोगितामा पुरुष/महिलामा समान ५४-५४ गरी १ सय ८ खेलाडीले सहभागिता जनाएको आयोजक समितिका सदस्य राजन खत्रीले जनाएका छन् ।

# नेपाल फेरि पराजित, भियतनाम दोस्रो चरणमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत

पेरिस ओलम्पिक महिला फुटबलअन्तर्गत एसिया छनोटको पहिलो चरणको दोस्रो खेलमा पनि नेपाल भियतनामसँग पराजित भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको खेलमा नेपाल भियतनामसँग २-० गोलले पराजित भएको हो । यसअघि बुधबार भएको पहिलो खेलमा पनि नेपाल भियतनामसँग ५-१ गोल अन्तरले पराजित भएको थियो । यस जितसँगै भियतनाम दोस्रो चरणमा प्रवेश गरेको छ ।

शनिबार भएको खेलमा भियतनामले नेपालविरुद्ध दुवै गोल पहिलो हाफमा गरेको थियो । भियतनामलाई जित दिलाउने क्रममा दुवै गोल फाम हाइ यनले गरिन् । खेल शुरु भएको ६ मिनेटमा नै फामले गोल गर्दै भियतनामलाई १-० को अग्रता दिलाइन् । एनगुएन थि मेले प्रहार गरेको कर्नर बल नेपाली डिफेन्डरले क्लियर गर्न सकेनन् । जसको फाइदा उठाउँदै फामले बललाई जाली चुमाइन् ।

त्यसको एक मिनेट नबित्दै भियतनामले नेपालविरुद्ध अग्रता दोब्बर बनायो । सातौं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै फामले भियतनामलाई २-० को अग्रता दिलाइन् । ट्रान थि थु थाओको लामो पासलाई नियन्त्रणमा लिँदै फाम उत्कृष्ट गोल गर्न सफल भइन् ।

खेलको २८औं मिनेटमा नेपाल गोल गर्न चुक्यो । विमला विकको लामो पासमा नेपालकी सावित्रा भण्डारीले प्रहार गरेको बल भियतनामी गोलकिपर खोङ थि हाङले बचाइन् । यस्तै ३९ मिनेटमा पनि नेपाल गोल गर्न असफल भयो । सरु लिम्बुको पासमा सावित्राले पेनाल्टी क्षेत्रभित्रबाट प्रहार गरेको बल भियतनामी गोलकिपर खोङ थि हाङले पुनः बचाइन् ।

दोस्रो हाफमा नेपालले भियतनामविरुद्ध आफ्नो पकड जमाउन सफल भएको थियो । तर गोल गर्न भने नेपाल असफल रह्यो । दोस्रो हाफमा नेपालले गोलरक्षक एन्जिलाको स्थानमा अन्जना राना मगरलाई मैदानमा उतारेको थियो ।



खेलको ६६औं मिनेटमा नेपाल गोल गर्ने अर्को मोका पनि गमाउन पुग्यो । डिबक्सभित्रबाट दिपा शाहीले प्रहार गरेको बल पोलमा लागेर फर्किएको थियो । भियतनामसँगको दोस्रो हारसँगै नेपालको पेरिस २०२४ ओलम्पिक छनोटको यात्रा समाप्त भएको छ । यसअघि सन् २०१८ मा नेपालले समूह चरणमा अपराजित रहँदै दोस्रो चरणमा प्रवेश गरेको थियो ।

# मिल्स टी-२० क्रिकेटको उपाधि नरपथगञ्जलाई

**विराटनगर/मस–** दोस्रो संस्करणको मिल्स क्रिकेट टी-२० प्रतियोगिताको उपाधि भारत विहारको राहुल-११ नरपथगञ्जले जितेको छ । विराटनगरको जुट मिलको खेल मैदानमा शनिबार सम्पन्न फाइनलमा एनबिएससी क्रिकेट क्लब विराटनगरलाई तीन विकेटले हराउँदै नरपथगञ्जले उपाधि जितेको हो । जितसँगै नरपथगञ्जले रु एक लाख ११ हजार पुरस्कार प्राप्त गरेको छ । उपविजेता विराटनगरले रु ५१ हजार प्राप्त गरेको छ ।

एक सय ५८ रनको लक्ष्य पछ्याएको नरपथगञ्जले १८ दशवलम दुई बलमा सात विकेट गुमाई पूरा गर्यो । नरपथगञ्जका भानु आन्दले ३५ बल खेल्दै छ छक्का र चार चौका प्रहार गर्दै ६३ रन बनाए । उनी प्लेयर अफ द म्यान घोषित भए । उनले नगद रु ११ हजार प्राप्त गरे । नरपथगञ्जका विजय भारतीले ३६ रन र साहिल कुमारले २५ रन बनाए ।

विराटनगरका विधान गोस्वामीले चार विकेट लिए भने साकिबुल गनीले दुई र मोहित कुमारले एक विकेट लिए ।

टस जितेर पहिले ब्याटिङ गरेको एनबीएससीले १९ ओभरमा अलआउट हुँदै १५७ रन बनाएको थियो । विराटनगरका रोहन बिकेले ४४ रन, प्रशान्त कुमारले २२ रन र विपिन सौरवले २१ रन बनाए । नरपथगञ्जका लागि अमन सिंह, सक्षम शर्मा, रबडा र साहिल कुमारले समान दुई/दुई विकेट लिए ।

उत्कृष्ट ब्याटर नरपथगञ्जका अभिषेक पाठक भए भने उत्कृष्ट बलर एनबीएससी विराटनगरका अनुभव श्रीवास्तव बने । प्लेयर अफ द सिरिज एनबीएससीका विधान गोस्वामी घोषित भए । उनीहरुले जनही रु १५ हजार प्राप्त गरे । उदयमान खेलाडी मिल्स एकाडेमीका अभय कुर्मी भए । उनले नगद रु पाँच हजार प्राप्त गरे ।

विजेता टोलीलाई नेपाल क्रिकेट संघका केन्द्रीय कोषाध्यक्ष रोशन सिंह र वरिष्ठ सल्लाहकार नरेश श्रेष्ठ, नेपाल खेलकुद महासंघकी केन्द्रीय सदस्य साना डंगोल, मिल्स क्रिकेट एकाडेमीका अध्यक्ष मुरारी चौधरीलगायतले पुरस्कार वितरण गरेका थिए ।

**भुजुङ्ग हाइड्रोपावर लिमिटेड**
टोखा -१०, काठमाडौं

**विशेष साधारण सभा बस्ने बारेको अत्यन्त जरूरी सूचना**

मिति २०७९/१२/२४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, समय र स्थानमा देहायका विषयमा छलफल गर्न बस्ने भएकोले यसै सूचनालाई आधार मानी उक्त विशेष साधारण सभामा उपस्थित भई सक्रिय सहभागिता जनाई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ ।

**विशेष साभारण सभा हुने :**

**मिति** : २०८०/०१/११ गते सोमबार ।
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं जिल्ला, टोखा न.पा.वार्ड नं. १०, सामाखुशी, काठमाडौं ।

**विशेष साधारण सभामा छलफल हुने विषयहरु :**

क. कर्जा सुविधा लिने सम्बन्धमा ।
ख. विशेष प्रस्तावहरूः
१. कम्पनीको हाल कायम पूँजी संरचना संसोधन गर्ने, प्रबन्धपत्र तथा नियमावलीको विभिन्न दफा (जस्तैः प्रबन्धपत्रको दफा ६ (ग), ६ (घ) र नियमावलीको नियम ७ (१), नियम ७ (३), नियम २७ (२) मा आवश्यक संसोधन गर्ने सम्बन्धमा ।
२. जगेडा शेयर जारी गर्ने सम्बन्धमा ।
३. पूँजी संसोधन पछि सोही वमोजिम प्राथमिक शेयर (IPO) निष्काशन गर्ने र सो सम्बन्धि सम्पूर्ण कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
ग. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# राष्ट्रिय हक्कीको सेमिफाइनल समीकरण पूरा

**विराटनगर/मस–** गिरिजाप्रसाद कोइराला स्मृति चौथो राष्ट्रिय पुरुष हक्की प्रतियोगिताको सेमिफाइनलमा विभागीय टोली आर्मी, पुलिस, सुदूरपश्चिम र मधेश प्रदेश पुगेका छन् ।

समूह ‘ए’ तर्फ त्रिभुवन आर्मी क्लब पहिलो र दोस्रो स्थानमा नेपाल पुलिस छन् । समूह ‘बी’ तर्फ पहिलो सुदूरपश्चिम प्रदेश र दोस्रो मधेश प्रदेश रहेका छन् ।

प्रतियोगिताको आइतबार हुने सेमिफाइनलको पहिलो खेल आर्मी र मधेश प्रदेश तथा दोस्रो खेल सुदूरपश्चिम र पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

विराटनगरको सहिद रंगशालामा भइरहेको प्रतियोगिताअन्तर्गत शनिबारको पहिलो खेलमा सुदूरपश्चिम प्रदेशले मधेश प्रदेशलाई ५-३ गोलमा पराजित गरेको छ । सुदूरपश्चिमका दीपकराज जोशीले २ गोल, धिरेन्द्रबहादुर, शेरबहादुर चन्द र महेश नेपालीले समान १-१ गोल गरेका थिए । मधेश प्रदेशका विशला क्षेत्री, रुपक दाहाल र रुपेश राईले समान १-१ गोल गरेका थिए । खेलको म्यान अफ द म्याच सुदूरपश्चिमका महेश नेपाली भए ।

त्यस्तै, अर्को खेलमा गण्डकी र कर्णाली प्रदेशले २-२ गोलको बराबरी खेलेर अंक बाँड्दै लिग चरणबाट बहिरिएका छन् । गण्डकीका संगम जेटी र असिम बाहेकले गोल गरे । कर्णालीका लागि जीवन राउतले २ गोल गरेका थिए । खेलको म्यान अफ द म्याच कर्णालीका जीवन राउत भए ।

शुक्रबार राति भएको खेलमा साबिक विजेता त्रिभुवन आर्मीले पूर्व विजेता गण्डकी प्रदेशलाई ८-१ को फराकिलो गोलअन्तरमा पराजित गरेको छ । आर्मीका रोमन रानाले ३ गोल, काशीराजले २ गोल, देवसिंह धामी र प्रदीप राजवंशीले समान १-१ गोल गरे । गण्डकीका असिम बाहेकले एक गोल फर्काए । खेलको म्यान अफ द म्याच आर्मीका नितिश न्यौपाने भए ।

**साउदीमा रोजगार** | कम्पनी: **PROJECT MANAGEMENT CORPORATION FOR CONTRACTING**
शहर : **DAMMAM**

पूर्व स्वीकृत मिति: २०७९/१२/२४ चलानी नं.: ६०१९९७१७ LT. No.:284370

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३ गते (16 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD. Exclusive Human Resource Company
**सुगम ओभरसिज प्रा. लि.**
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

**साउदीमा रोजगार**
कम्पनी: **ENJAZ NATIONAL TRADING EST.**
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मिति: २०७९/१२/२४ चलानी नं.: ६०१९९७३० LT. No.: 284289

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load And Unload Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३ गते (16 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FutureLink Connect to your future...
**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

**Chhathar Jorpati Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jorpati, Dhankuta**

**Invitation for Online Bids**

**Date of publication: 2079/12/26 (2023-April-09)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites electronic bids only from eligible bidders for the following contracts under National Competitive Bidding. Bidding is open to all eligible as per Section V of bidding document. Only eligible bidders with the following key qualifications should participate in this bidding.

| Contract ID & Description | Estimated Amount (without Vat & PS) | Average Annual Turnover of the Best 3 years within the last 10 years (NRS) | Minimum work Experience of Similar size and nature (NRS Without VAT) | Bid Security | Bid Document fee | Remarks |
|---|---|---|---|---|---|---|
| 08/CJRMUN/NCB/2079/080 Construction of Shree Saraswati Secondary School, Sindhuwa, Dhankuta | NA | 2,95,00,000/- | 1,00,00,000 /- | 7,00,000/- | 5000/- | SSDE |
| 05/CJRMUN/SQ/2079/080 Supply and delivery of books | 13,18,603.0 | NA | NA | 33,000/- | 1000/- | Re-invitation (Sealed Quotation) |

2. Eligible Bidders may obtain further Information from PPMO website: **www.bolpatra.gov.np/egp .**
3. Bidder who submit their bid electronically may download the bidding documents from **www.bolpatra.gov.np/egp** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.

**Name of the Bank : Nabil Bank Ltd. Sindhuwa, Dhankuta.**
**Name of Office : Chhathar Jorpati Rural Municipality, Jorpati, Dhankuta.**
**Office Account Name and No. : Antarik Rajaswa Khata 20901017500044**

4. Bid security amount deposited at Name and A/C No. Dharauti Khata **20901017500025** on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Lt Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all bids without assigning reason whatsoever before the contract, Similarly, the contract signing shall take place after the approval of the Master Procurement Plan (MPP) of the project from the concerned authority.
7. After the completion of evaluation of technical bids, all the technically substantially responsive bidders will be invited to attend the opening of price bids. The time,date and place of opening of price bid shall be notified in writing and/or by publishing notice.
8. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

# ‘नेतृत्वको ध्यान अर्थतन्त्रमाभन्दा पनि सत्ताको व्यवस्थापनमा छ’

विश्वव्यापीरुपमा फैलिएको कोरोनाको प्रभाव, रसिया युक्रेन युद्ध र बढ्दो भ्रष्टाचारका कारण नेपालको अर्थतन्त्रमा समस्या देखापर्न थालेको छ । बैंक तथा वित्तीय संस्थामा थप समस्या देखिएको छ । सबैतिर देखिएको समस्याको कारण नेपालको अर्थतन्त्र थप चिन्ताजनक बन्दै जाने चर्चा पनि चुलिइरहेका छन् । प्रस्तुत छ, अर्थतन्त्रसँग सम्बन्धित विविध विषयमा वरिष्ठ अर्थविद् **डा. चन्द्रमणि अधिकारी**सँग मध्यान्ह दैनिकका संवाददाताले गरेको कुराकानीको सम्पादित अंश :



डा. चन्द्रमणि अधिकारी
वरिष्ठ अर्थविद्

**पछिल्लो समयमा नेपालको अर्थतन्त्र थप नाजुक बन्दै गइरहेको छ भन्ने विषय यथार्थ हो वा अनावश्यक बढी चर्चा भइरहेको छ ?**

अर्थतन्त्र पछिल्लो दिनमा नाजुक बनेको देखिन्छ । अहिले अर्थतन्त्रलाई केही केही कुराले प्रभाव पारेको देखिन्छ। त्यसमा जस्तो बाह्य पक्ष, कहिलेकाही शरिरमा दुखाई भयो भने सिटामोल खान्छौं जसले पाखुराको दुखाई कम भएको महशुस त गर्छ तर, मुटु भने बिग्रिरहेको हुन्छ । दाग बढिरहेको हुन्छ ।

त्यस्तै, हामीले बाह्य मात्रै नभएर आन्तरिक क्रियाकलापमा पनि ध्यान दिनुपर्छ । जस्तैः उत्पादन, लगानी, रोजगारी सिर्जना र आय वृद्धि गर्ने विषयमा काम हुन सकिरहेको छैन ।

अर्को चुनौती देखिएको छ, राजस्व कम भएको छ भने हाम्रो खर्च धेरै घटाउन सक्ने अवस्था पनि छैन । कतिपय नगरी नहुने खर्च छन् । खर्च घटाउँदा कतिपय परियोजनामा पनि प्रभाव पर्नसक्दछ । त्यसको लागि पनि आन्तरिक ऋण लिनुपर्ने अवस्था छ । तर, केही कुरा सुधार भने भएको छ । तर, त्यो आधारभूत होईन, सहायक सुधार हो, हातको पाखुराको दुखाई कम भएको हो, मुटु दुख्न छाडेको होईन । तसर्थ हल्ला फिजाइए जस्तो जटिल अवस्था नभएपनि अर्थतन्त्रमा गिरावट भएकै हो ।

**सहकारी र लघुवित्त एकपछि अर्को डुब्न थालिरहँदा यो समस्या बैंकिङ क्षेत्रमा पनि सर्न सक्ने सम्भावना कत्तिको देख्नुहुन्छ ?**

अमेरिकाका केही बैंक डुबे । उसले शेयरबाट धेरै कमायो । बैंकसँग पैसा पनि धेरै भयो । अनि उसले स्टार्टअपलाई पनि ऋण दियो । उनीहरुले पैसा कमाएर ल्याएर राखे र उच्च ब्याजदर पनि दियो । ती बैंकहरुले सरकारी बन्डमा लगानी गरे । तर, बैंकिङ क्षेत्रमा ब्याजदर उच्च भएपछि सरकारी बन्डबाट आउने प्रतिफलमा कमी हुनगयो । अनि, निक्षेपकर्ताले धमाधम पैसा झिक्न थाले र बैंकहरुले दायित्व बहन गर्न नसक्ने अवस्था आएपछि डुबेको घोषणा गरियो । अमेरिकाको स्टक मार्केटमा आएको गिरावटले गर्दा धेरै ठूला बैंकमा समस्या देखिएको हो ।

तर, हामीकहाँ तत्कालै बैंक डुब्ने अवस्था छैन । बैंकले अझै कर्जा दिने अवस्था छैन । अहिले विभिन्न कारणले गर्दा तरलता सहज होला भन्ने अवस्था छैन । सरकारले २३० अर्ब रुपैयाँ आन्तरिक ऋण लिने भनेर राष्ट्रिय योजना आयोगले तयारी गरेको छ । उक्त पैसा बजारबाट उठाउँदा बैंकहरुको पैसा कम हुनजान्छ । सरकारले खर्च गर्न सकेको छैन, कर पनि कम उठेको छ, यसोगर्दा बजारमा पैसा कमि हुन जान्छ ।

तरलतासम्बन्धी लगानीयोग्य पुंजी कम दरमा प्राप्त हुन्छ भन्ने अवस्था छैन । अब, बैंकहरु पनि ठूलो डिपोजिट फिर्ता लिन आए भने पर्खनुस् भन्नुपर्ने देखिन्छ । यद्यपि, विचार पुर्‍याउन र लगानी भएको कर्जा खोज्न नसके बैंकहरुलाई पनि अप्ठेरो हुनसक्छ ।

तथ्यांक हेर्दा आजभन्दा ६ महिनाअघिसम्म २५/२६ वटा वाणिज्य बैंकमध्ये ६ वटाको रेसियो एक प्रतिशतभन्दा कम थियो । अढाई प्रतिशत भन्दा कसैको थिएन । तर, अहिले आएर १ प्रतिशतभन्दा तल कसैको पनि एनपीए छैन, धेरैको ३ प्रतिशत भन्दा बढी उच्च छ ।

हाम्रो अर्थतन्त्रको आकार पनि सानो छ । आर्थिक क्रियाकलाप नै सानो छ, तसर्थ सम्भावित जोखिमलाई लिएर रणनीतिक उपाय नअपनाए मौद्रिक र आर्थिक नीतिबाट हस्तक्षेप नगरे, विश्वका अन्य क्षेत्रमा आएका संकटहरु जस्तै संकट बैंकमा आउन सक्छ । तर, अहिले तत्कालै नेपालका बैंकहरु डुबिहाल्ने अवस्था भने छैन ।

**अर्थतन्त्रमा देखिएको जटिलता हटाउन सरकार र निजी क्षेत्रले कस्तो प्रयास गर्नु जरुरी छ ?**

अहिले शीर्षस्थ नेतृत्वको ध्यान सरकारको व्यवस्थापनमा मात्रै गएको छ । अर्थतन्त्रको व्यवस्थापनमा गएको देखिँदैन । अर्थतन्त्रमा देखिएका चुनौतीलाई पहिचान गर्न रणनीतिक उपाय अवलम्बन गर्न केही कुरा गरिएतापनि सरकारी मातहतका सम्बन्धित निकायहरुको एकीकृत प्रयास भने देखिँदैन । सबैभन्दा पहिला एकीकृत ढंगले जानुपर्यो ।

अब, बजेट आउँदैछ, उक्त बजेटमा अनावश्यक खर्चलाई घटाउने अनावश्यक सल्लाहकार समूह हटाउने, सचिवालयलाई चुस्त बनाउने संरचना र संस्था कटौती गर्ने गर्नुपर्दछ । कतिपय आयोजना राजनीतिक र अन्य प्रभावले प्रशासनिक खर्च मात्रै पुग्ने परियोजनाहरुमा काम अघि बढेको छैन । त्यस्ता परियोजनालाई बन्द गर्ने र कतिपयलाई स्थगनमा राख्नुपर्छ । त्यस्तै, पूँजीगत खर्च बढाउनुपर्यो ।

अहिले बजेटको आकार बढ्दा पनि पूँजीगत खर्च बढेको छैन । बजेट विनियोजन गर्दा पूँजीगत खर्चको २१ प्रतिशत मात्रै हिस्सा छुट्याइएको छ । खर्च भने १६ प्रतिशत हुन्छ । सरकारको लगानी भनेको निजी क्षेत्रको लगानी तान्नलाई सहजीकरण गर्ने हो । निजी क्षेत्रलाई आउने वातावरण बनाउनेतर्फ सरकारको ध्यान हुनुपर्छ । पूँजीगत खर्चको विनियोजन र खर्च बढाउने क्षमता बढाउनुपर्छ ।

अर्को महत्वपूर्ण सुशासन हो । १०० रुपैयाँ सरकारले राख्यो भने कतिको उपयोगिता सिर्जना हुन्छ भनेर हेर्दा ४० देखि ५० प्रतिशत हुन्छ । त्यसबाट थाहा हुन्छ, हाम्रोमा चुहावट धेरै छ र त्यसलाई बजेटको आकार बढाउनु आवश्यक छैन ।

बजेटलाई चुस्त बनाउने र आकार ठूलो नबनाउने गर्नुपर्छ । वैदेशिक अनुदान र राजस्वको परिचालन गर्दा राजस्वको चुहावट रोक्नुपर्छ । त्यस्तै, वैदेशिक लगानी आउने वातावरण बनाउन सक्ने हो भने मात्रै अर्थतन्त्र चलायमान हुन्छ । अन्यथा नेतृत्वको ध्यान जति अर्थतन्त्रमा भन्दा पनि सत्ताको व्यवस्थापनमा जाँदा थप चुनौती निम्तन सक्दछ ।

## निजी क्षेत्र र सहकारीबीच सहकार्य आवश्यक : वरिष्ठ उपाध्यक्ष ढकाल

**काठमाडौं/मस** – नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र र सहकारीबीच सहकार्य आवश्यक रहेको बताएका छन् । राष्ट्रिय सहकारी महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा जारी सहकारी महासम्मेलनमा उनले महासंघले पनि कृषि उद्यम केन्द्र बनाएर पनि काम गरिरहेको र त्यसमा एक सयभन्दा बढी सहकारी संलग्न रहेको बताए । उनले निजी क्षेत्र र सहकारीबीच लगानी सहकार्यका लागि बाधा अड्चनका रूपमा रहेका ऐन-नियमलाई फुकुवा गर्नुपर्ने धारणा राखे ।




सहकारी क्षेत्रले रोजगारी सिर्जना, वित्तीय पुहँच, वित्तीय साक्षरता, बैंक तथा वित्तीय क्षेत्रमा तरलता सहज गर्न र उत्पादनलगायत अर्थतन्त्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको ढकालको भनाइ छ । महासम्मेलनको तेस्रो दिन शनिबार ‘निजी, सार्वजनिक र सहकारीबीचको साझेदारीका लागि साझा मञ्च’ विषयमा बोल्ने अधिकांश वक्ताले यसअघि सार्वजनिक तथा निजी क्षेत्रबीच मात्रै साझेदारी हुने गरेको भए पनि अब सहकारीलाई पनि संलग्न गराउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलले सरकारले निजी सार्वजनिक साझेदारी मोडल अगाडि सारे पनि अब सहकारी क्षेत्रलाई पनि त्यसमा समावेश गरिनुपर्ने भनाइ राखे । सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सरकारले आफ्नो तर्फबाट काम गरिरहेको बताउँदै अर्थतन्त्रका तीन खम्बामध्ये एउटा खम्बा कमजोर भयो भने अर्थतन्त्र नै कमजोर हुने बताए ।

सहकारीको दिगोपनाका लागि स्वनियम तथा सुशासन कायम गर्ने मुख्य उद्देश्यले बिहीबारदेखि आजसम्म सञ्चालित सहकारी महासम्मेलनको आयोजना गरिएको थियो । सम्मेलनमा सरकारका प्रतिनिधि, जनप्रतिनिधि, सातै प्रदेशका सहकारीकर्मी, निजी क्षेत्रका प्रतिनिधि, गैरसरकारी संघ, विश्वविद्यालयका प्राध्यापक र अन्तर्राष्ट्रिय सहकारी अभियान्ताको गरी करिब एक हजार जनाको सहभागिता थियो ।

सम्मेलनमा नेपालको सहकारी अभियानको अवस्था, वर्तमान समस्या र चुनौतीको विषयमा छलफल गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूबाट सहकारीका विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको छ ।

काठमाडौंमा शनिबार सम्पन्न तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन ११ बुँदे घोषणा पत्र जारी गर्दै सहकारीले आत्मनिभर अर्थतन्त्र निमार्णमा लाग्नु पर्ने उल्लेख छ । त्यसै गरी, वातावरण मैत्री कृषि, उत्पादनमा वृद्धी आयात प्रतिस्थापन, निर्यात प्रर्वद्धन र रोजगारी सिर्जना गर्न सार्वजनिक निजी र सहकारी साझेदारी मोाडेललाई अगाडि बढाईने घोषणा पत्रमा उल्लेख छ । नविन सोच र सिर्जनात्मकताका आधारमा सहकारी मार्फत कृषि पर्यटन, जलश्रोत, स्वास्थ्य, शिक्षा, उद्योग लगायतका क्षेत्रमा लगानी वृद्धि गर्ने प्रतिवद्धता महासम्मेलनले गरेको छ ।

विशिष्टीकृत सहकारी संघमार्फत बृहत र विशिष्ट उत्पादनको विकास, कृषि र पशुजन्य क्षेत्रको प्रवर्द्धन एवं ठुला कृषि फार्मको स्थापना, कृषि जन्य वस्तु तथा सेवाको मूल्य तथा आपूर्ति श्रृंखला विकास गरी सहकारीको ब्राण्ड प्रवर्द्धन गर्ने जनाईएको छ ।

त्यसैगरी, सहकारी सिद्धान्त, मूल्य, मान्यता र विधिको परिपालना गरी सहकारीको पहिचान स्थापित गर्न सहकारी संस्थाहरुमा स्वनियमन र सुशासन कायम गर्दै सदस्य केन्द्रित व्यवसायको माध्यमबाट गुणात्मक सहकारी अभियान निर्माणमा प्रतिवद्धता जनाईएको छ । सदस्यको बचतको सुरक्षाका लागि सहकारी क्षेत्रमा विश्वास अभिवृद्धि गर्न राष्ट्र व्यापी रुपमा जागरण अभियान सञ्चालन गर्न, सहकारी क्षेत्रको दिगोपनका लागि कानुनले परिकल्पना गरेका प्रवर्द्धनात्मक व्यवस्था कार्यान्वयनका लागि आवश्यक पहलकदमी गर्न र अर्थतन्त्रमा देखा परेका समस्याका कारण सहकारी क्षेत्रमा सृजना भएको तरलता संकुचनको समस्या समाधानार्थ तिनै तहका सरकारको तर्फबाट सम्बोधन गर्न सामूहिक रुपमा बहस पैरवीका लागि पहल गरिने घोषणा पत्रमा उल्लेख छ ।

साथै, सहकारीको स्वस्थ्य एवं प्रतिष्प्रर्धात्मक क्षमता अभिवृद्धिका लागि एकिकरणलाई अभियानको रुपमा सञ्चालन गर्नुका साथै नवप्रविधिलाई आत्मसाथ गर्दै गुणस्तरीय सेवा प्रवाह गर्न प्रतिबद्ध जनाईएको छ । सरकार मातहत रहेका कोषहरु सहकारी बैंक मार्फत सहुलियतपूर्णरुपमा लगानी गर्न तथा उच्चतम प्रविधि अपनाउन सामूहिक पहलकदमी गर्ने बताईको छ । दिगो विकासका लक्ष्य प्राप्तिका लागि सहकारी संघ संस्थामा महिला तथा लैंगिक समानता, युवा तथा सिमान्तकृत वर्ग बीच सामाजिक समावेशिता कायम गर्दै वित्तीय पहुँच वृद्धि गर्दै जाने उल्लेख छ ।

## फेवा नववर्ष महोत्सवमा काठमाडौंवासीलाई निम्तो

**काठमाडौं/रासस** – होटल संघ पोखरा नेपालको आयोजनामा यही चैत २९ गतेदेखि वैशाख १ गतेसम्म पोखराको लेकसाइडमा हुने १८औं संस्करणको फेवा नववर्ष महोत्सवमा काठमाडौंवासीलाई निम्तो दिइएको छ । नेपाली संस्कृतिको संरक्षण गर्दै नयाँ वर्षलाई धुमधामका साथ मनाउन लेकसाइडको फिस्टेल गेटबाट हल्लनचोकसम्म आयोजना हुने महोत्सवमा भाग लिन काठमाडौंवासीलाई आग्रह गरिएको हो ।




पर्यटन, संस्कृति र खानालाई जोड दिँदै आयोजना गर्न लागिएको महोत्सवको तयारी अन्तिम चरणमा पुगेको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । महोत्सवका अवसरमा संघअन्तर्गतका होटलले २० प्रतिशत छुटको समेत व्यवस्था गरिएको बताउँदै उनले यसले कोभिड-१९ पछि सुस्ताएको पर्यटनलाई पुनरुत्थान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

पोखरामा हाल होटलको क्षमताको ८० देखि ९० प्रतिशतसम्म पर्यटक हुनुपर्नेमा मुस्किलले ३० प्रतिशत रहेको उनले जानकारी दिए । पृथ्वी राजमार्गको सुस्त र अव्यवस्थित स्तरोन्नति एवं माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको जहाज दुर्घटनाले यहाँको पर्यटन व्यवसाय प्रत्यक्ष प्रभावित बनेको उनको भनाइ छ ।



### खत्याड गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खत्याड ,मुगु
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

मिति :२०७९/१२/२६

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित आ.ब. २०७९/०८० को वोलपत्र आव्हानको सूचना अनुसार रितपुर्वक पर्न आएका वोलपत्रहरु मध्ये तपशिल वमोजिमको वोलपत्र मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सवै बोलपत्रदाताहरुलाइ जानकारीको लागि यो सूचना द्वारा जानकारी गराइन्छ ।

तपशिल

| क्र.स. | ठेक्का न. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कवोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | KRM/NCB/ WORKS/02/79/80 | Shree Saraswoti Adharbhut Bidhyalaya Water Supply System and Railing Works | Masta Construction And Order Suppliers, Himali -04 , Bajura | 2156712.42 |
| 2 | KRM/NCB/ WORKS/03/79/80 | Pache Dekhi Gaunpalika Hudai kyatadi lamru Sadak Marmat tatha RCC Works,Khatyad -06,07 Mugu | Guro Construction Chan-dannath -10, Jumla | 7364937.2 |
| 3 | KRM/NCB/ WORKS/04/79/80 | Construction of Brick Masonry and Ground levelling Works at Mahadev Masta Namuna Ma. Vi. Ratapani Khatyad-11, Mugu | Mastadev Developers and Consultancy Service Pvt. Ltd. Khatyad- 09 , Mugu | 1600159.41 |

**नि.प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**